# संघीय संसद

# राष्ट्रिय सभा

# चौधौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# ४ साउन २०८०

# बिहीवार

# बैठक सङ्ख्या- ३०

राष्ट्रिय सभाको आजको बैठक सम्मानीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:०१ बजे प्रारम्भ भयो ।

**(१३:०३ बजे)** **सम्मानीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई एक/एक मिनेटको समय निर्धारण गरेको छु ।

माननीय इन्दिरा देवी गौतम ।

**(१३:०४ बजे)** **माननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- अध्यक्ष महोदय, हाल काठ तस्करी बढिरहेको र खोलानालाबाट अवैध रूपमा गिटी बालुवा उत्खनन् र चोरी निकासी भइरहेको कुरा सुन्नमा आएको छ । यसबाट राज्यको राजस्व असुलीमा घाटा भएको छ । यसरी चोरी निकासी भइरहँदा ठुला ठुला truck र tipper समेत नदेख्ने सम्बन्धित निकायहरूको समेत कमजोरी देखिन्छ । तसर्थ, यसका लागि खोलानाला र चोरी निकासी हुने स्थानमा अनुगमनलाई थप प्रभावकारी बनाउनेतर्फ सरकारको ध्यान जान जरुरी छ ।

प्रत्येक वर्ष वर्षायामसँगै झाडा पखाला र डेङ्गुको प्रकोप बढ्ने हुनाले यसका लागि सरकार .....(समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय गंगा कुमारी वेलबासे ।

(१३:०५ बजे) **<u>माननीय श्री गंगा कुमारी वेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्षज्यू, पालिका स्तरमा महिला विकास तथा उत्थान प्रवर्धन र महिला सशक्तीकरणका लागि महिला विकास शाखा स्थापना गरियोस् भन्ने माग गर्दछु । महिला स्वास्थ्य, महिलालाई आयआर्जनका काममा लगाउने, महिला समुदायबाट उत्पादन भएका वस्तुहरूको बजार व्यवस्थापन गर्ने, विभिन्न जिम्मेवारीमा महिला प्रमुखहरू निर्माण गर्ने, महिला सशक्तीकरण र राजनैतिक प्रशिक्षक निर्माण गर्नका लागि महिला शाखाले काम गरोस् भन्ने माग गर्दछु । हवस्, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय गोपाल भट्टराई ।

(१३:०५ बजे) **<u>माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, हालसालै आएका सूचनाहरू हेर्दा हाम्रो देशमा तस्करहरूले (**<u>सम्माननीय अध्यक्ष</u>**:- माइक माननीयज्यू, माइक) राज्य सञ्चालनमा हस्तक्षेप त गरेका छैनन्? भन्ने आभास हुन थालेको छ । बाहिर हेर्दा भ्रष्टाचार, अनियमितता सबै अन्त्य हुन थालेजस्तो देखिएको छ । power मा भएकाहरू जोडिंदा पनि समेत छानबिन भएको छैन । जनताको ध्यान एकातिर केन्द्रित गर्ने र अर्कोतर्फ तस्करी मौलाउने अवस्था देखिएको छ ।

भर्खरै समातिएको करिब १ quintal सुनको बारेमा पूर्वसभामुख र गृहमन्त्रीको समेत नाम जोडिएर समाचारहरू आएका छन् । सुन भित्र्याउँदा motorcycle र scooter को brake shoe भनेर भन्सार भएको छ । यो एक/डेढ महिना यही प्रक्रियाबाट ४/५ पटकसम्म भित्रिएको भन्ने सुनिएको छ । अब निष्पक्ष छानबिन हुन्छ कि भन्ने भनेर विश्वास गर्ने ठाउँ छैन, हेर्न बाँकी छ । यो प्रश्न राख्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय जगप्रसाद शर्मा ।

(१३:०६ बजे) **<u>माननीय श्री जगप्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय सभाध्यक्ष महोदय, माननीय सदस्यहरू, भर्खरै केही दिनअगाडि सप्तकोशीमा एउटा truck दुर्घटना हुँदा डुबिरहेका मान्छेहरूलाई चन्दर मुखिया भन्ने मान्छेले बचायो । उनी लामो समयदेखि सप्तकोशीमा दाउरा निकाल्ने, माछा मार्ने र यस्तै दुर्घटनामा परेका मान्छेलाई बचाउने काम गर्ने मान्छे हुन् । तसर्थ, उनी पानीको, एउटा पानीमा काम गर्ने गोताखोरजस्तै एउटा सिप, क्षमता, अनुभवबाट उनले हासिल गरेको देखिन्छ । जसले धेरै मान्छेको, दुर्घटनामा परेका धेरै मान्छेहरूको ज्यान उनले बचाएका छन् । त्यसकारण राज्यले यस्ता क्षमता, प्रतिभा र साहसी मान्छेहरूको क्षमतालाई कदर गर्नुपर्छ भन्ने मान्यता राख्नुपर्छ भन्ने मलाई लाग्दछ । तसर्थ, राज्यले आवश्यक प्रक्रिया पूरा गरेर उनलाई गोताखोरका रूपमा नियुक्ति गरियोस् भन्ने .....(समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय तारामान स्वांर ।

(१३:०८ बजे) **<u>माननीय श्री तारामान स्वांर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, सुदूरपश्चिमका प्राय सबै जिल्ला र विशेष गरी कैलाली र कञ्चनपुरका ग्रामीण क्षेत्रदेखि लिएर बजारसम्मै लागु औषध प्रयोगकर्ता तथा ढुवानीकर्ताको बिगबिगीले लागु औषध दुर्व्यसनको समस्या विकराल बनेको छ । यसले गर्दा आपराधिक गतिविधि पनि बढ्दै गएको छ । प्रहरीले दिनहुँ लागु औषधमा संलग्नहरूलाई पक्राउ गर्दै आए पनि खुल्ला सिमानाका कारण खुलेआम भारतबाट लागु औषधको तस्करीले गर्दा यो समस्या हल हुन सकेको छैन । त्यसमा सरकारको ध्यान आकर्षण गर्नुको साथै कारबाहीमा तीव्रता ल्याउन माग गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय तुलसा कुमारी दाहाल ।

(१३:०८ बजे) **<u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, पूर्ववर्ती सरकार केपी ओलीको प्रधानमन्त्रित्वको बेलामा भूकम्पले भत्किएका संरचनाहरू ८ लाख जति बने । बारा जिल्लामा आएको चक्रवातमा ८६९ वटा चैं

घरहरू जुन क्षति भएको थियो, त्यो बने । अहिले यो सरकारले भूमिहीन दलित र सुकुम्बासीहरूलाई लक्षित गरेर आवास र जमिन उपलब्ध गराउने कुरो गरेको छ , १० हजार जतिलाई । यसमा चैं मधेस प्रदेशको लागि जुन खरको, फुसको छानाहरूलाई विस्थापित गरेर जस्ताको पाता दिने भनेको छ । यो उपयुक्त छैन । जाडो मौसममा बढी चिसो हुने र गर्मी मौसममा चैं बढी तात्ने भ'को हुनाले अहिलेको सरकारले वैकल्पिक रूपमा छाना केको दिने भन्ने बारेमा सोच्नुपर्छ । जस्ताको छाना चैं हाल्नुहुँदैन ।

**सम्माननीय अध्यक्ष**:- माननीय माया प्रसाद शर्मा ।

(१३:०९ बजे) **माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, सिंहदरबार परिसरभित्र रहेको, रामशाहपथमा रहेको राष्ट्रिय अभिलेखालय छ, जसले राष्ट्रको पुरानो सम्पत्तिहरूको संरक्षण गरिराखेको स्थिति छ । त्यहाँ दक्ष जनशक्तिको अभाव भएको देखिन्छ । भौतिक पूर्वाधारहरूको पनि समस्या देखिन्छ । र प्रविधिको पनि त्यतिकै समस्या रहेको देखिन्छ र आर्थिक रूपले त्यहाँ समस्या रहेको देखिन्छ । र तालिमको व्यवस्थापनसहित त्यसको व्यवस्थापन गरेको खण्डमा राष्ट्रको सम्पत्ति जोगाउन त्यसले महत्त्वपूर्ण काम गर्छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय मृगेन्द्र कुमार सिंह यादव ।

(१३:१० बजे) **माननीय श्री मृगेन्द्र कुमार सिंह यादव (जनता समाजवादी पार्टी, नेपाल)**:- सम्माननीय अध्यक्ष महोदय, Lumpy Skin महामारीबाट लगभग ८ लाख गाईवस्तुहरू सङ्क्रमित भएका छन् । र रोकथामको लागि सरकार के गरिरहेको छ? त्यो थाहा भएन । सुन्छु, खोपको अभाव छ । सङ्क्रमण रोक्न खोप अतिआवश्यक हो । त्यसैले सरकार कतैबाट जसरी पनि रकम उपलब्ध गराएर पर्याप्त मात्रामा खोपको चैं व्यवस्था गरोस् । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय विमला घिमिरे ।

(१३:११ बजे) **माननीय श्री विमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, दिनहुँ सुन तस्करीका समाचारहरू बढिरहेका छन् । केही दिनअगि electric cigarette मा लुकाई ल्याएको सुनलाई मिलोमतोमै छुट्याउन प्रयास भइरहेको समाचार सार्वजनिक भएसँगै हिजो त झनै airport को सुरक्षा घेरालाई पार गरेर बाहिर आएको करिब १०० किलो सुन राजस्व विभागले समातेको भन्ने समाचार थपियो । airport जस्तो संवेदनशील ठाउँको सुरक्षा प्रणाली र भन्सार प्रशासनसमेत यसमा जोडिएको देखिनु गम्भीर विषय हो । र त्यसमाथि सरकार सञ्चालकहरूसमेत यसमा जोडिनु त झन् लज्जास्पद विषय बन्न पुगेको छ ।

त्यसै गरी आर्थिक वर्षको सुरुसँगै बञ्चरे डाँडा र सिस डोलका बासिन्दाहरूले सहमति गरेका विषयहरू सम्बोधन नभएको भन्दै फोहोरका गाडी रोकेपछि काठमाडौंमा फोहोर थुप्रिएको र दुर्गन्ध फैलिन थालेको छ । यसको अल्पकालीन तथा दीर्घकालीन समाधान खोज्न म तीनै तहका सरकारसँग र सरोकारवालाहरूको ध्यान आकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय शारदा देवी भट्ट ।

(१३:१२ बजे) **माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, वर्षायाम लागेसँगै देशभर बाढी पहिरोले जनधनको क्षति त भएको नै छ । त्यसमाथि अहिले डेङ्गु रोग देशैभरमा फैलिरहेको छ । डेङ्गु नियन्त्रण हुनुको साटो फैलिँदै जानु विडम्बना हो । यसमा सरकारको भूमिका प्रभावकारी नबन्न सक्नु, रोगीले समयमा उपचार नपाउन सक्नु अर्को विडम्बना हो । रोगीको समयमा पहिचान गरी उपचारार्थ रोग नियन्त्रणमा ल्याउन मन्त्रीज्यूमार्फत नेपाल सरकारको ध्यान आकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सुमित्रा वि.सी. ।

(१३:१२ बजे) **माननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, अहिले डेङ्गु रोगका बिरामीहरू बढ्दै गएको र यसको लागि स्वास्थ्य मन्त्रालयले बेलैमा विचार गरेर ध्यान पुऱ्याओस् र रोगीहरूलाई रोकथाम गर्ने व्यवस्था गरोस् । र जनसचेतना जगाउनका लागि पनि नेपाल सरकारले कार्यक्रम ल्याओस् । यो फोहोरको कारणले

गर्दाखेरि यो महामारी फैलिएको छ । फोहोर व्यवस्थापन स्थायी रूपले व्यवस्थित होस् । सधैँभरि यो यथावत् आइराखेको छ ।

र यसै गरेर यो राष्ट्रिय अभिलेखालयमा, २०२४ सालमा स्थापित राष्ट्रिय अभिलेखालय मल्ल कालदेखिका हस्तलिखित लिपिवद्ध भएका लिपिहरूलगायत अहिलेसम्मका सबै संरक्षण गर्ने, सबै हस्तलिपिहरू संरक्षण गर्ने, व्यवस्थापन गर्ने महत्त्वपूर्ण यो राष्ट्रिय अभिलेखालयमा बजेटको पनि अभाव छ, जनशक्तिको अभाव छ । र यसलाई सरकारले .....(समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, विशेष समयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु ।

माननीय हरि राम चौधरी । समय ४ मिनेट । त्यसपछि माननीय भैरव सुन्दर श्रेष्ठ ।

(१३:१४ बजे) **माननीय श्री हरि राम चौधरी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले मैले केही विषयवस्तुहरू चाहिँ उठाउन खोजेको छु आजको यो विशेष समयमा । विशेषतः (**सम्माननीय अध्यक्ष**:- मोवाइल बन्द ।) विशेषतः नेपालको राजनीतिमा २०४८ देखि अहिलेसम्म थुप्रै ठुलठुला विरोधहरू भए । धेरै प्रकारका अधिकारका आन्दोलनहरू भए । त्यसमध्येको मैले भर्खरै मात्र यही श्रावण २ गते मुक्त कमैया दिवस, २३ औं मुक्त कमैया दिवस मुक्त कमैयाहरूले मनाएका छन् । तर उक्त मुक्त कमैया दिवस मनाउँदै गर्दाखेरि सायद मलाई लाग्छ, यो एउटा सामन्तवादको एउटा ठुलो चाहिँ घेराबन्दीबाट विद्रोह गरेर आफुले चाहिँ अधिकार प्राप्त गरेको उनीहरूको दिनको रूपमा उनीहरूले मानेका छन् । अहिलेसम्म नेपालमा ३० हजार परिवारलाई चाहिँ मुक्त भनेर नेपाल सरकारले घोषणा गऱ्यो । त्यसमध्ये २७ हजार ५ सय ७० परिवारले विभिन्न ठाउँमा उनीहरूले लालपुर्जा प्राप्त गरेका छन् । तर विडम्बनाको विषय के छ भने २७ हजार ५ सय ७० परिवारले लालपुर्जा प्राप्त गरे उनीहरूले प्राप्त गरेको लालपुर्जा जसरी उनीहरू मुक्त कमैया रूपमा कुनै सामन्त र जमिनदारको घरमा जसरी उनीहरूले जसरी काम गरेर चाहिँ उनीहरू बस्न बाध्य, विभिन्न प्रकारको शोषणमा बाध्य थिए । त्यसरी नै अहिले उनीहरूलाई फेरि पनि सधैँभरी उनीहरू मुक्त कमैयाकै रूपमा रहुन् भन्ने धेय होस् या जनुसुकै कारणले होस् । अहिले पनि

उनीहरूलाई दिएको लालपुर्जा सरकारी कामकाज र चलनचल्तीमा राज्यले किन दिन सकेको छैन? यसको जवाफ कसले दिने हो? सम्बन्धित मन्त्रालयले दिनुपर्ने हो? या कुनै माननीयहरूले दिनुपर्ने हो? या सरकारको प्रमुखहरूले दिनुपर्ने हो? कसले दिनुपर्ने हो? अहिले पनि सायद मलाई लाग्छ, यसले अहिले ती मुक्त कमैया बस्तीहरूमा, ती परिवारहरूमा थुप्रै प्रकारका समस्या छन् । शिक्षा, स्वास्थ्यका समस्याहरू छन् । पठनपाठनका समस्याहरू छन् । तिनै मुक्त कमैयाका छोराछोरीले अहिले कतिपय छोराछोरीहरूले डिग्री गरेर बसिसके । रोजगारीका समस्याहरू छन् । तर उनीहरू अहिले पनि खोलानालाका छेउमा बसेका छन् । तर उनीहरूले, उनीहरूको चाहिँ उक्त दिइएको जुन मान्यता अथवा जुन लालपुर्जा उनीहरूलाई दिइयो । त्यो लालपुर्जा उनीहरूको सरकारी कामकाजमा, चलनचल्तीमा नदिँदाखेरि उनीहरूलाई विभिन्न प्रकारका जीविकोपार्जनका काम कार्यवाही गर्नका लागि अहिले पनि कठिनाइ रहेको छ । मेरो अनुरोध के हो भने राष्ट्रिय सभा, राष्ट्रिय सभाका सम्माननीय अध्यक्षमार्फत सम्बन्धित मन्त्रालय र यसको जवाफ ती मुक्त कमैया परिवारले थाहा पाउने गरी अहिलेको सरकारले दिनुपर्छ भन्ने मेरो माग छ । र अहिले समग्र मुक्त कमैयाहरू र यसको पक्षमा उनीहरू जुनसुकै कदम पनि चालेर अगाडि बढ्नको लागि उनीहरू तयार भएका छन् । आन्दोलन नगरिकन हाम्रो देशमा न्याय नपाउने जुन परम्परा छ । यसको अन्त्य मैले जुन विषयवस्तु राखेको छु । यी विषयवस्तुलाई मध्यनजर गरेर सरकारले समयमा उनीहरूको माग पूरा गरोस् भन्ने कुरा राख्दै म बिदा हुन्छु । हस् त, नमस्ते । अभिवादन ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय भैरव सुन्दर श्रेष्ठ । समय १३ मिनेट । यसपछि माननीय रमेशजंग रायमाझी ।

**(१३:१८ बजे)** <u>**माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**</u>:- सम्माननीय अध्यक्षज्यू, मैले आजको यो विशेष समयमा केही कुराहरूलाई दुई ओटा विषयहरू छन् । जुन नेपाल रेडक्रससँग जोडिएको, एउटा चाहिँ स्वास्थ्य मन्त्रालयसँग जोडिएको विषयका सन्दर्भमा म आफ्नो कुराहरू राख्न चाहिँ चाहन्छु । अहिले सामाजिक सञ्जालमा रेडक्रसका सन्दर्भमा व्यापक कुराहरू बाहिर आ'का छन् । र केही समय राष्ट्रिय दैनिक पत्रिकाहरूले पनि कान्तिपुरलगायतका अलि प्रतिष्ठित राष्ट्रिय दैनिक पत्रिकाहरूले पनि ती कुराहरूलाई उजागर गरिरहेका छन् । सन् १८६३ मा स्थापित भएको रेडक्रसको जन्मदाता हेनरी ड्युना, जो स्विजरल्यान्डको जेनेभा निवासी हुनुहुन्थ्यो । एउटा युद्ध र विपद्मा परेको बेला शान्ति र

सहयोगको लागि हात फैलाउने, लाखौं, करोडौं मानिसका आस्थाका धरोहर रेडक्रस, नेपालमा २०२० साल भाद्र १९ गते स्थापना गरियो । सुरूका दिनहरूमा, सुरूका वर्षहरूमा रेडक्रसले निकै राम्रो काम गरेको कुराहरू हामी सबैले बुझेका छौं । यो रेडक्रस तटस्थ छ । स्वायत्त चाहिँ छ । स्वयंसेवक सहायता पनि छ । सहायता संस्था पनि हो यो । स्वयंसेवक पनि चाहिँ छ । त यो रेडक्रसलाई अहिले हामी सबैले बुझिरहेको छौं, रेडक्रसका दुइटा कार्यसमितिहरू क्रियाशील चाहिँ छन् । यो भनिरहँदा नेपाल अहिले नेपालमात्रै होइन विश्वभरी नेपाललाई हेरिरहेका छन् । अन्तर्राष्ट्रियस्तर मै यो खालको हविगत देखेपछि चिन्ता र चासो चाहिँ परेको चाहिँ छ । यो अरूको कारणले चाहिँ होइन, अहिलेको गठबन्धन सरकारको जगमा बनेको गठबन्धनको हिमायती सरकार छ । जसका कारणले गर्दाखेरि रेडक्रसको नामले पनि हामी नेपाल, हाम्रो देश बाहिर बदनाम चाहिँ छ । यो दुःखको कुरा त्यही हो ।

एउटा वैधानिक कार्यसमिति चाहिँ छ । जो नेत्र तिमल्सिना, डाक्टर नेत्रप्रसाद तिमल्सिनाको संयोजकत्वमा ३३ सदस्य क्रियाशील छ । पहिलो पटक यो गठन भए पश्चात् आफ्ना कामहरूलाई अगाडि बढाएको चाहिँ थियो । २०७८ साल भाद्रमा गृह मन्त्रालयले यसलाई काम रोक्नु भनेर पत्राचार गऱ्यो । त्यसको विकल्पमध्ये सर्वोच्च अदालतमा उहाँहरू जानुभो', सर्वोच्च अदालतले स्टे अर्डर २०७८ असोज २० गते चाहिँ गरेको चाहिँ छ । त्यसरी नै २०७८ साल पुष १४ गते मन्त्रिपरिषद्को निर्णयले फेरि चाहिँ रोक्यो । फेरि शेरबहादुर देउवा नेतृत्वको सरकारले रोक्यो । फेरि त्यसका विरूद्धमा चाहिँ उहाँहरू सर्वोच्चमा जानुभो' । सर्वोच्चले फेरि अन्तरिम आदेश दियो र सरकारले दिएको आदेशलाई कार्यान्वयन गर्नु/नगराउनु भनेर, नगराउनु चाहिँ भनेर आदेश चाहिँ भ'को छ । त्यसरी नै फेरि अर्को २०७९ जेष्ठ २१ गते अर्को नेत्र तिमल्सिनाको कार्यसमितिलाई भङ्ग गरेर अर्को समिति बनाइयो । अनि नेत्र तिमल्सिना फेरि सर्वोच्च अदालतमा पुग्नुभो' । अनि सर्वोच्च अदालतले २०७९ साल असार १६ गते अन्तरिम आदेश जारी गऱ्यो र मन्त्रिपरिषद्बाट भएका निर्णयहरू यससम्बन्धी भएका निर्णयहरूलाई कार्यान्वयन नगर्नु भनेर अन्तरिम आदेश चाहिँ जारी गऱ्यो । यसरी सर्वोच्च अदालतले तीन पटक यसको चाहिँ पदावधि छ, खास यो समिति नेत्र तिमल्सिनाको समिति हो भन्ने कुरा अन्तरिम आदेश गरिसकेपछि पनि सरकारले त्यस बारेमा वास्ता चाहिँ गरेन । फेरि अर्को चाहिँ, अर्को के गऱ्यो भन्दा सरकारले वास्तवमा रेडक्रस चल्ने भन्ने कुरा ।

**(१३:२२ बजे)** **<u>पीठासीन</u>**:- माननीय उपाध्यक्ष श्री उर्मिला अर्याल ।

**<u>माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- रेडक्रसको विधान चाहिँ होला । त्यो विधान र नियमअनुसार रेडक्रस चल्छ होला । तर फेरि के भन्दाखेरि, विधानभन्दा भिन्न ढङ्गले सरकार फेरि उद्यत चाहिँ रह्यो । रेडक्रसको विधान २०२० को सत्रौं संशोधन २०७५ सहितले के भन्छ भन्दा र नियमावली, २०४९ मा व्यवस्था गरिएबमोजिम केन्द्रीय समिति, प्रदेश र जिल्ला कार्यसमितिहरूको निर्वाचनमा निर्वाचन अधिकारी तोक्ने अधिकार रेडक्रसको विधानमाथि केन्द्रीय कार्यसमितिलाई उल्लेखित चाहिँ छ । त्यहीसँगै फेरि महामन्त्रीलाई निर्वाचन प्रतिनिधिहरू को को हुन भन्ने विषयमाथि प्रमाणीकरण अधिकार पनि रेडक्रसको ती विधानले महामन्त्रीलाई व्यवस्था गरेको चाहिँ छ । म प्रश्न सोध्न चाहन्छु । अहिलेका गृह मन्त्रालयका गृहमन्त्री, गृह मन्त्रालय मातहतमा भएको गृह प्रशासनको मातहतमा रहेको काठमाडौं जिल्ला प्रशासन कार्यालय, उहाँहरूलाई कुन ऐन र नियमले दियो त्यो अधिकार? कि असारको १० गते उहाँहरूले यही ०८० साल असार १० गते उहाँहरूले फेरि पत्र रेडक्रसको केन्द्रीय कार्यालयमाथि कर्मचारीहरूको नाममा सम्प्रेषण चाहिँ गर्नुभो' । जसको कारणले गर्दाखेरि अस्ति साउन २ गतेदेखि यही साउन २ गते रेडक्रसको अर्को अधिवेशन नाटकीय ढङ्गले गरेर सुदर्शनप्रसाद नेपालको संयोजकत्वमा ३३ सदस्यीय बनेको चाहिँ छ । यसरी रेडक्रसको त्यो विधानमा नै नभएको कुराहरूलाई यो सरकारले गरेको चाहिँ छ । र विगतमा ती रेडक्रसमा निकै व्यापक भ्रष्टाचार भ'को कुराहरू सामाजिक सञ्जाललगायत रेडक्रसका सम्बन्ध निकायहरूलाई थाहा भइसकेपछि सामाजिक कल्याण परिषद्ले एउटा चाहिँ थुप्रै खालका समितिहरू बनेका थिए, करिब १६ ओटा । त्यसमध्ये १६ ओटैमा जान चाहिँ चाहन्नँ । तत्कालीन अध्यक्ष सञ्जिब थापाले २०६५ सालदेखि २०७५ सालसम्म आफ्नो कार्यकालमा गरेका कामहरूको सन्दर्भहरूमाथि लक्ष्मी कोइराला समाज कल्याण परिषद्को एक जना अधिकृत प्रतिनिधिको संयोजकत्वमा एउटा Committee बना'को थियो । र त्यो Committee ले रेडक्रस चाहिँ नेपालको नियम, कानुनको निर्देशन चाहिँ कुनै लागु हुँदैन, समाज कल्याण ऐनको पालना गर्दैन, आर्थिक पारदर्शिता छैन, विधान तत्काल संशोधन गरी दुई कार्यकालभन्दा बढी राख्नुहुँदैन भन्ने खालका र सुशासन, पारदर्शिता र जवाफदेहिताको विषय ..... यो रेडक्रस नभएको कारणले गर्दाखेरि तत्काल यसको विधान संशोधन गरेर जानुपर्छ भन्ने कुराहरू उसले आफ्नो प्रतिवेदन नेपाल सरकारलाई बुझायो, दियो ।

र यो रेडक्रसको त्यो तत्कालीन कार्यसमिति सञ्जिब थापा अध्यक्ष रहेको समितिले गरेका कामहरू वैदेशिक जो सहायता अनुदान थियो । त्यसमा अपचलन गरेको कुराहरू, भूकम्प पीडित उद्धार, राहत तथा पुनर्स्थापना कार्यक्रममध्ये अपचलन गरेका कुराहरू, भक्तपुरको केन्द्रीय गोदाम

घरका लागि खरिद गरेको जग्गामा अपचलन गरेका कुराहरू, काठमाडौं प्रदर्शनी मार्गमा त्यो रक्तसञ्चार भवन निर्माण गर्दाखेरि भएका ठेक्काहरूमाथि गरेका अपचलनहरू, त्यसैगरी खानेपानी तथा स्वास्थ्यका भवन निर्माणका निम्ति परियोजना वितरण गर्दाखेरि त्यसमा लिएका कमिसनहरू, यी यावत् कुराहरूले गर्दा र रेडक्रसले चाहिँ समाज कल्याण परिषद्को अनुमति बेगर कुनै पनि दातृ निकायहरूसँग पैसा लिन सक्दैन, अनुदान लिन सक्दैन भन्ने कुराहरू, त्यो प्रावधानसमेतलाई वेवास्ता चाहिँ गरेर अघिल्लो समिति गइसकेपछि केपी ओली नेतृत्वको सरकारले यी जम्मै कुराहरूलाई हेरिसकेपछि केपी ओलीको नेतृत्वको सरकारले २०७७ साल श्रावण १२ गते नेत्र तिमल्सिनाको संयोजकत्वमा ३३ सदस्यीय केन्द्रीय तदर्थ समिति बना'को चाहिँ थियो, जो अहिले पनि क्रियाशील छ । तर पनि के हो भने यो गठबन्धनरूपी सरकारले अस्ति भर्खरै अर्को चाहिने गजबको कुरो के छ भन्दाखेरि कान्तिपुर दैनिकमा प्रष्ट चाहिँ आ'को चाहिँ छ । माननीयज्यूहरूलाई सम्माननीय अध्यक्षज्यूमार्फत सुनाउँदा अचम्म लाग्ला, थाहा त पाइसक्नुभो' होला । त्यहाँ कस्तोसम्म गरियो भन्दाखेरि, ती कुराहरू, यो करिब चाहिने यो नेपाली काँग्रेसलाई अध्यक्ष, उपाध्यक्षसहित करिब १५ ओटा सिट, एकीकृत समाजवादीलाई महामन्त्रीसहित ६ ओटा सिट, माओवादीलाई कोषाध्यक्षसहित ८ ओटा सिट यसरी त्यहाँ बाँडफाँट गरेर रेडक्रस जस्तो एउटा पवित्र संस्थालाई बदनाम बनाउने काम गरेर दलीय भागबन्डाको आधारले रेडक्रसलाई चलाउन खोजिएको छ । र त्यसभित्र व्यापक भष्टाचार भ'को चाहिँ छ । ती भ्रष्टाचारको विषयमा गृह मन्त्रालय कहाँ चाहिँ छ? ती भ्रष्टाचारलाई छानबिन गर्नका निम्ति अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा निवेदन परेको चाहिँ छ । स्वयम् गृह मन्त्रालयमा निवेदन परेको चाहिँ छ । त्यसै गरी CBI मा, नेपालको CBI मा निवेदन परेको छ । आज ती सबै संस्थाहरू र काठमाडौंको जिल्ला प्रशासन कार्यालयमा ती भ्रष्टाचारसम्बन्धीका मुद्दाहरू त्यहाँ परेका छन् । तर पनि त्यो निकास भ'को छैन ।

गृह मन्त्रालयका गृहमन्त्री, भुटानी शरणार्थीको विषयमध्ये मैले गरें भन्नुहुन्छ । ललिता निवास प्रकरण सम्बन्धमा मैले गरें भन्नुहुन्छ । म यहीं मञ्चबाट भन्न चाहन्छु, सम्माननीय अध्यक्षज्यूमार्फत यो सरकार प्रधानमन्त्री र गृहमन्त्रीलाई तपाईंहरू रेडक्रसका सम्बन्धीमाथि तपाईंको ध्यान पुगेको छ कि छैन? तपाईंहरूलाई त्यो अधिकार कसले चाहिँ दियो? जुन रेडक्रसको विधानभन्दा बाहिर चाहिँ गएर तपाईंले यही असारको १० गते चाहिँ असार १० गते तपाईंहरूले एउटा चाहिने पत्र रेडक्रसको केन्द्रीय कार्यालयमा पठाएर अधिवेशन गर्न लगाउनु चाहिँ भो' । जसले गर्दा दलीय भागबन्डामाथि रेडक्रसलाई चलाउन खोजिएको छ भन्ने कुरो अन्तर्राष्ट्रियस्तरमा बदनाम भ'को चाहिँ छ । त्यो अस्ति भर्खर भ'को अधिवेशनमा प्रतिस्पर्धीको

रूपमा  रहनुभएका, रहनुभएका अजित कुमार शर्माको यो विज्ञप्तिले प्रष्ट कुरा चाहिँ गर्छ के भन्दाखेरि उहाँले भन्नुहुन्छ, राजनीतिक चक्रव्यूहमा पारियो । विश्वव्यापी रेडक्रसको अभियानको आधारभूत जुन सिद्धान्त हो, त्यसलाई चाहिँ कुण्ठित चाहिँ गरियो । र नेकपा एमालेबाहेकका दलहरूलाई बिचमा दलीय भागबन्डा गरेर रेडक्रसलाई ब्रह्मलुट गर्ने काम भा'को चाहिँ छ । यसमा चाहिँ सम्बन्धित पक्षको ध्यान जाओस् । मैले यो ब्रह्मलुट हुन नदिनको निम्ति मैले प्रतिस्पर्धा गरेको थिएँ तर प्रायोजित रूपमा बनेको त्यो गठबन्धनले जे आदेश, जे निर्देशन दिएको थियो । त्यसका आधारले बनेको जो एउटा प्रायोजित देखाउनको निम्ति त्यो प्रायोजित रूपमा बनेको थियो । समितिले रेडक्रसको मर्म र भावनालाई बोक्न सक्दैन । र त्यसकारणले मैले आफ्नो उम्मेदवारी दिएँ । र म पराजित भए पनि यसको अभियन्ताको रूपमा निरन्तर खबरदारी गरिरहनेछु भन्ने कुरो उहाँले भन्नुभ'को चाहिँ छ ।

हामीलाई अचम्म लाग्छ । यो अहिलेको गठबन्धन सरकार, परमादेशी सरकार, विगतमा सरकार बन्ने सवालमाथि यो अदालतको आदेशले विश्वमा नभएको नमुना यो देशमाथि गर्न पुग्यो । फेरि पनि त्यसबाहेकका अरू कुराहरू अब त सच्चिएर जाला भन्ने हामीले सोचेका थियौं । तर पनि यो परमादेशी सरकारको जगमाथि बनेको यो अहिलेको चाहिँ सरकार वास्तवमा यो सरकारदेखि सरकारसँग बाहेक अर्को केही पनि हुन सक्दैन । यो सरकार जहिलेसम्म नेपालमा रहन्छ, यस्ता रेडक्रसजस्ता सबै संस्थाहरूमाथि आज दलीय भागबन्डामा जाने हो भनेपछि देशलाई हामी कहाँ पुऱ्याउछौं? एउटा बाह्रखरीले अस्ति श्रावण २ गते अनलाइन, हामी माननीयज्यूहरू सबैले देखेका, थाहा पाएका होला । नेपालको रेडक्रसको स्थिति यही रहेमा खारेजी गर्ने कुराहरू यो अन्तर्राष्ट्रिय रेडक्रस संस्थाले, यदि यही अवस्था नेपालमा हो भने दलीय भागबन्डाको आधारले रेडक्रसलाई चलाउने हो, त्यहाँभित्र भएको अपचलनको विषयमाथि ध्यान नदिने हो, नियम र कानुनअनुसार रेडक्रस नचल्ने हो भनेपछि नेपालको रेडक्रसलाई हामी खारेज गर्न बाध्य हुने छौं भनेर अन्तर्राष्ट्रिय रेडक्रस संस्थाले चाहिँ Challenge दे'को छ अथवा चुनौती दिएको छ । चुनौतीको विषयमा अहिलेको गठबन्धन सरकारले के जवाफ दिन चाहन्छ? अहिलेको गृह मन्त्रीले के जवाफ दिन चाहनुहुन्छ? र रेडक्रसको केन्द्रीय कार्यालयमाथि रेडक्रसको तदर्थ समिति नेत्र तिमल्सिनाको संयोजकत्वमा बनेको चाहिँ छ । त्यो तदर्थ समिति त्यसलाई थाहा नै नदिएर पत्र लेख्ने CDO यसको चाहिँ बारेमा के जवाफ दिन चाहनुहुन्छ? सत्ता सबै कुरा होइन । सत्ता नियम, कानुन र संविधानअनुसार चल्नुपर्छ । हामी पनि त्यही सत्ताअनुसार हामी कहिले सत्तामा ग'का छौं, कहिले हामी प्रतिपक्ष भ'का छौं । हामीले पनि नजिकबाट हेरिरहेका छौं । अहिलेको वर्तमान सरकार कतातर्फ उन्मुख छ भन्ने कुरा ।

रेडक्रसको स्रोतलाई आफ्ना कार्यकर्ताहरूलाई पाल्नका निम्ति, आफ्ना ती स्रोतलाई आफू अनुकुल प्रयोग गर्नका निम्ति अनेकौं ढङ्गले करोडौं कमिसन लिएका कुराहरू आ'का चाहिँ करिब, त्यो मैले अघिल्लो कार्यकाल भएकामा कुराहरूमध्येमा म के भन्दाखेरि सञ्जिव थापाको नेतृत्वमाथि भा'को त्यो करिब १६ अर्ब रुपैयाँको अपचलन गरेको कुराहरू छानबिनको दायराभित्र आउनुपर्छ भन्ने कुरा म राख्न चाहिँ चाहन्छु ।

र त्यसैगरी अस्ति भर्खरै एउटा दुःखद् कुरा (सम्माननीय अध्यक्ष, मैले एक मिनेट, मैले थप्न चाहिँ चाहे, एक मिनेट थप्दिनुहुन अनुरोध गर्छु ।) संविधानको धारा १६ माथि सम्मानपूर्वक बाँच्न पाउने अधिकार छ जो स्वास्थ्यसँग सम्बन्धित छ । सम्मानपूर्वक बाँच्न पाउने अधिकार चाहिँ छ । हाम्रो स्वास्थ्य मन्त्रीले आफ्ना ती कर्मचारी मित्रहरूलाई जसरी जवाफ दिनुपर्ने थियो त्यस्तो जवाफ नदिएर एउटा सामाजिक सञ्जालमा आ'को चाहिँ छ । त्यसैगरी उहाँहरूले एउटा चाहिँ राष्ट्रिय स्वास्थ्यकर्मी महासंघनेपालले एउटा विज्ञप्ति जारी गरेको छ । त्यसमा के लेखेको छ भन्दाखेरि मन्त्रीको हवाला चाहिँ दिएर या त ती कर्मचारीहरू जो आफ्नो काममा खट्दैनन्, यदि ती चाहिँने मन्त्रालयमा आएर आत्महत्या गर्ने कुरा गर्छन् भने डोरी दिएर झुन्डिन पठाउनुहोस् । मेरो कोठामा आएर झुन्डिए हुन्छ भन्ने खालका, त्यस्ता एउटा अराजक ढङ्गले गैरजिम्मेवार ढङ्गले, मन्त्री जस्तो पदमा बसेर यस्ता खालको अभिव्यक्तिहरू र यो मुलुकी संहिता, २०७४ लाई आकर्षित हुने गरी ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय रमेशजंग रायमाझी । समय १५ मिनेट । त्यसपछि माननीय रजेन्द्र लक्ष्मी गैरे ।

**(१३:३२ बजे) माननीय श्री रमेशजंग रायमाझी (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, आज संसदको यो गरिमामय रोस्टमबाट बोल्दै गर्दाखेरि बोल्ने हो कि नबोल्ने हो? बोलेको कुरा के हुन्छ? बोलेको कुरा सुनिन्छ कि सुनिँदैन? सुनेपछि कार्यान्वयन हुन्छ कि हुँदैन? सांसदहरूको काम बोल्ने हो, मन्त्रीहरूको काम सुन्ने मात्रै हो कि? त्यसलाई कार्यान्वयन गर्ने हो? त्यसकारण पनि यो संसदले बनाएका मन्त्रीहरू, यो सदनले बनाएका मन्त्रीहरू र यहाँको प्रशासनले संसदले उठाएका कुराहरू, जनताका कुराहरू उठेका छन् । जनताको प्रतिनिधित्व गर्दै उठेको छ भन्ने हिसाबले ग्रहण गऱ्यो भने सरकार चलाउन पनि सजिलो, सहज होला भन्ने मलाई लाग्छ ।

अब अहिलेको सबभन्दा ठुलो जटिल समस्या चाहिँ अहिले सहकारी । पहिले पहिले घरघरमा भकारी, टोल टोलमा सहरकारी भन्ने नारा राम्ररी गुन्जिन्थ्यो । अहिले गाउँको भकारी मासिए, सहकारी बनेका थिए, सहकारी पनि मासिँदै गए । सहकारी त मासिएनन्, सहकारीमा पैसा जम्मा गर्ने मान्छेहरू मासिए आज । एउटा मान्छेले सय रुपैयाँदेखि ११ करोडसम्म जम्मा गरेको पाइयो । त्यो मान्छेहरूको आज बिजोग छ । कन्तबिजोग हुने स्थितिमा हरेक दिन माइती घरको मण्डलामा जुलुस र नारा छ । सरकारको ध्यान त्यतातिर पुगोस् । सरकारले ती जनतालाई एकपल्ट फर्केर हेरोस् । जुन मास्टरले ३५ वर्ष जागिर खायो । आफ्नो जीवनको सबै कमाई लगेर त्यो ठाउँमा जिम्मा लायो । जो एउटा कर्मचारीले ३० वर्ष जागिर खायो । त्यो पैसा लगेर चाहिँ जम्मा गऱ्यो । किन गऱ्यो भन्दाखेरि भविष्यसँगसँगै मेरो सन्तानको भविष्य, भोली मैले मेरो बच्चालाई डक्टर, इन्जिनियर र उच्च शिक्षा हासिल गराउने सिलसिलामा मैले ऋण खोज्दा नपाउन सक्छु, बैङ्कले नपत्याउन सक्छ, साहुले नपत्याउन सक्छ । मैले जम्मा गरेको निक्षेपले भोली मेरो बच्चाको भविष्य सुरक्षित हुन्छ भनेर त्यो बाटोमा उसले अलिकति ब्याज बढी आउँछ, लोभको कारणले त्यहाँ पैसा जम्मा गर्न गयो । आज त्यो सहकारीका सञ्चालकहरू, व्यवस्थापकहरू करोडौंको गाडी चढ्ने, करोडौंको घर चढ्ने, सुमेरु भन्ने एउटा सहकारी छ । त्यसले हस्पिटल चला'को छ, स्कुल चला'छ, के चला'छ, हरेक चिज चला'छ त्यसले । जग्गा प्लटिङ्ग गऱ्या छ । आज त्यो मान्छेले त्यो भरत महर्जन भन्ने मान्छे आज लन्डनमा गएर २० लाख पाउण्डको घर, २ ओटा घर किनेर बसेको छ । त्यो मान्छे यहाँ नेपाली जनताको रगत र पसिनाले सङ्कलन गरेको, जम्मा गरेको पैसाको ऊ मोजमस्ती गरिरहेको छ । सरकार त्यतातिर ध्यान दिएको छ कि छैन सरकारले? त्यस्ता मान्छेहरूलाई पक्डिनुपर्छ कि पर्दैन? रेड कर्नर नोटिस जारी गरेर त्यस्ता मान्छेहरूलाई ल्याउनुपर्छ कि पर्दैन? पक्राउ जारी गर्नुपर्छ कि पर्दैन? सरकारलाई यो खबर छ कि छैन? सरकार त्यतातिर ध्यान दिइरहेको छ कि छैन? त्यो मात्रै होइन । हिजो हाम्रो ओरियन्टल भन्ने एउटा सहकारी थियो । त्यसले हजारौं मान्छेहरूलाई बिगारेको हामीलाई थाहा थियो । हुँदा हुँदै पनि हामीले अनुगमन गरेनौं । सहकारी के गर्दैछन् भन्दाखेरि सहकारी एउटा समूह बनाएर, एउटा समूहभित्रमा बसेर त्यो समूहिभत्र पैसा त्यहाँ जम्मा गरेर त्यो समूहको मान्छेलाई लगानी गर्ने र त्यो समूहले काम गर्ने कृषिमा यस्तो समूहमा काम गर्ने भनेर सहकारी उद्देश्यका खोलियो । तर आज सहकारी निक्षेप सङ्कलन गरेर ऋण लगाउनेमा पुग्यो । बैङ्किङ्ग कारोबारमा पुग्यो सहकारी आज । बैङ्किङ्ग अवस्थालाई टेकेर गयो । हामी नजरअन्दाज गऱ्यौं । बैङ्कमा लगेर १० लाख रुपैयाँ राख्यो भने कहाँबाट आयो भनेर स्रोत खोजिन्छ । तर सहकारीमा गएर करोडौं राख्दाखेरि सहकारीमार्फत करोडौं रुपैयाँहरूको जग्गाहरू खरिद गर्दाखेरि, हस्पिटलमा लगानी गर्दाखेरि खोजिएन, राज्य कता

गयो? एउटामात्रै शाखा होइन, यो सहकारी आजबाट खोलिएको होइन । विगतका लामा समयदेखि सहकारीले जुन काम गरिरहेको छ । त्यो मा सरकारको ध्यान गयो कि गएन? आज मेरो प्रश्न छ । यो प्रश्न मेरो प्रश्न होइन, जनताको प्रश्न, जनताको प्रतिनिधित्व भएको कारणले तपाईंको सदनमार्फत सरकारलाई प्रश्न गरिरहेको छु म । आज सामान्य कुरा होइन यो, अर्बौं, अर्बौं रुपैयाँहरू, झण्डै झण्डै ५ खर्ब रुपैयाँ सहकारीमा छ । त्यसबाट झण्डै झण्डै लगानीको भाग साढे ४ खर्बको लगानी छ । अरू पैसाहरू सहकारीका माध्यमबाट ती सञ्चालकहरूले दुरुपयोग गरेका छन् । व्यवस्थापकहरूलाई, त्यहाँका कर्मचारीहरूलाई बाध्य पारेर आफैंले पैसा चलाएका छन् । र निक्षेपकर्ताहरूलाई थाहा नदिइकन, त्यसरी चलाएको पैसाको बारेमा आज सरकारले खोज्नुपर्‍यो ती मान्छेलाई । किनभने आज हामीहरू जुन हिसाबले हिँडिरहेका छौं, यो हिसाबबाट भोली, हिजो एउटा मिटरब्याजीहरू काठमाडौंमा हिड्दै सडकदेखि तराईको सडकदेखि काठमाडौं आए, त्यसरी नै अहिले सहकारीका मान्छेहरू आफ्नो सबै चिज समाप्त भयो । अब के गर्ने भनेर हिजो एक जना मान्छेले Suicide गरें । यही संसद भवनअगाडि, प्रेम । अब अर्को मान्छेले Suicide गर्दा हजारौं मान्छे Suicide गर्दै गयो भने त्यतिखेर मात्रै सरकारको ध्यान नजाओस् । सरकारले समयमा ध्यान दिनुपर्‍यो । समयमा हेर्नुपर्‍यो सहकारी, के भइरहेको छ आज सहकारीमा भन्दाखेरि, यो विश्वमन्दीको बेला जग्गामा ९० पर्सेन्टसम्म लगानी गरिएको छ । जहाँ वित्तीय अनुशासनहरू छ, ५० पर्सेन्टभन्दा लगानी गर्न पाइँदैन । त्यहाँ ९० पर्सेन्टसम्म सहकारीले लगानी गरेको छ । त्यो एउटा पाटो हो । त्यसकारण पनि आज जुन अधिकार अनुगमन गर्नुपर्थ्यो । जुन लगानी भइरा' छ त्यहाँको सहकारी उसको लागि रजिष्ट्रारलाई कुनै कारबाही गर्ने अधिकार दिएको छैन । कारबाही गर्ने अधिकार नदिएको कारणले पनि आज मनपरीतन्त्रको हिसाबमा यो सहकारीले आज नेपाली जनताको ठुलो हिस्साको जनताको लगानी खेर ..... केही व्यक्तिहरू, व्यवस्थापक र सञ्चालकहरूले मोजमस्ती गरिरहेका छन् ।

अहिले पनि गृह मन्त्रालयले भर्खरै शिव शंकर सहकारीको गाडी पक्रेर गृह मन्त्रालयमा राखेको छ । सहकारीको सञ्चालकको श्रीमती तीन करोडको गाडी चढ्ने हैसियत भयो । १०० रुपैयाँ जम्मा गर्ने सहकारीको, सञ्चालकको, त्यो संस्था आज कसरी यो स्थितिमा पुग्यो? भन्दाखेरि हामी Money Laundering को कारणले, पैसा खोजेको कारणले । आज एउटा मात्रै सहकारी होइन, कान्तिपुर सहकारीले हस्पिटल चला'को छु भन्छ । रिसोर्ट खोलेको छ । आफ्नो निजी, त्यो पैसासँग रिसोर्ट चला'को छ, रिसोर्टहरू आज चलिरहेको अवस्था छैन, जग्गा प्लटिङ्ग गरेको छ, चलिरहेको छैन । हस्पिटलको त्यही अवस्था छ । निक्षेपको पैसा तिर्न

सकिरहेको छैन । ब्याज तिर्न सकिरहेको छैन । तुलसी सहकारी विराटनगरमा छ । त्यसले त्यस्तै गरेको छ । त्यसै गरी शिव शंकर भयो । सुमेरु भयो । लालि गुराँस भयो । यस्ता सहकारीहरूले अबौं, अबौं रुपैयाँहरू आज हिनामिना गरिरहेका छन् । त्यसकारण पनि सम्माननीय अध्यक्षज्यूमार्फत सरकारको ध्यानकर्षण गर्छु, गराउन चाहन्छु । सरकारले यतातिर विशेष रूपले ध्यान देओस् ।

यति मात्रै होइन, यो सञ्चित कोषमा रहेको पैसाबाट अहिले चाहिँ के भन्न थालेको छ, सरकारसँग रहेको सञ्चित कोषको पैसाबाट सहकारीको मान्छेहरूको पैसा दिओस् भनेर । सरकारले आफ्नो राजस्व उठाउन सकिरहेको अवस्था छैन, त्यो अवस्थामा सञ्चित कोषबाट कसरी दिन सक्छ? त्यसकारण यो समस्याको समाधान गर्नको लागि पूर्वन्यायाधीशको अध्यक्षतामा सर्वाधिकार सम्पन्न, अधिकार सम्पन्न Fast Track बाट हुने कामको लागि यो आयोग गठन गरेर, यो सहकारीमा पीडित भएका मान्छेहरूलाई न्याय दिने काम गरोस् भनेर सरकारसँग माग गर्न चाहन्छु । र जसले, जसका परिवारका, तिनका हैसियत सबैलाई थाहा छ हाम्रो समाजमा । हामीले एकअर्कालाई चिन्छौं, कसको हैसियत कति हो? तिनको परिवारको हैसियत कति थियो? तिनले आफन्तको नाममा लगेर कति सम्पत्ति राखेका छन्, सहकारीबाट सङ्कलन गरेको पैसाकोबाट किनेर? ती मान्छेहरूको सबै सम्पत्तिहरू जफत गरेर ती मान्छेहरूलाई जसले निक्षेपकर्ताहरू छन्, सहकारीमा लगानी गरेका छन्, तिनको पैसा चाहिँ फिर्ता गर्ने काममा सरकार लागोस् भनेर माग गर्न चाहन्छु ।

त्यस्तै गरेर अर्को समस्या के छ भने यही उसमा ओरियन्टलले आफ्नो मुद्दा हाल्यो । सहकारीले के भन्यो भने सहकारी विभागले यो ओरिन्टल भन्ने सहकारी चाहिँ एउटा ग्रसित अवस्थामा छ भनेर भन्दाखेरि छैन भनेर अदालतले निर्णय गर्दियो । त्यसकारण पनि यो सहकारी सञ्चालकहरूको मनोबल बढ्यो । हामी अदालत जान्छौं । अदालतलाई प्रभावित बनाउछौं । दुई/चार जना वरिष्ठ वकिलहरू राख्छौं । र तर्क वितर्कहरू पेस गरेर न्यायाधीशलाई प्रभावित बनाउछौं । र प्रभावित गराएर यी मान्छेहरू हिंड्दै गर्छन् । भोली जेलै जानुपर्‍यो भने २,४,५ वर्ष जाने हो । दशौं अर्बको सम्पत्ति भयो भने मेरो परिवारहरू र मैले मोज गर्न पाउँछु भनेर जसरी लन्डनमा अहिले एउटा मान्छे पुगेको छ, भरत महर्जन । त्यस्तै खालका प्रवृत्तिका मान्छेहरू छन् । त्यसकारण विशेष गरेर मैले आज सहकारीको मुद्दा उठाइरहेको यसकारण पनि हो । यसमा झन्डै झन्डै ८८ हजार नागरिकहरूले प्रत्यक्ष रूपमा काम पाएका छन् । १० लाख नागरिकहरूले अप्रत्यक्ष रूपमा काम पाएका छन् । र सातै ओटा प्रदेशमा गरेर ७ सय

४९ पालिकाभित्र ९४ अर्ब शेयर र ४ सय ७८ अर्ब सङ्कलन र ४ सय २६ अर्ब लगानी गरेको छ । त्यसकारण पनि यसमा सरकारको ध्यान जानु जरुरी छ भन्ने लाग्छ ।

र अर्को कुरो भन्न पनि लाज लाग्ने भइसक्यो हामीलाई । चार्ल्स शोभराज, कुख्यात अपराधी, चार्ल्स शोभराजले, तिमीले यो त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सार कार्यालयमा तिमी कसरी छिर्‍यौं भन्दै गर्दाखेरि, तिम्रोमा त हात्ती पनि सिङ्गो ऊ हात्ती छिराइदिन्छु म, भनेको कुरा मलाई आज स्मरण भयो । सयौं किलो सुन निस्किन्छ । हिजो ३३ किलो सुन निस्केको चर्चा हामीले सेलाउन नपाउँदै आज सयौं किलो, एक पटक होइन २२ पटक त्यस्तो प्रक्रिया भयो भनेर अहिले आइरहेको छ । यो सय किलो सुन निस्किँदाखेरि त्यहाँका कर्मचारीहरू, हामीले एउटा मोवाइल, हामीले लगाइराखेको घडी कुनै बेला खोलेर कोटको गोजीमा, हालेर त्यो मेसिनबाट छिर्न लाग्यौं भने डिटेक्टर कराउछ । आज सय किलो सुन निक्लिँदाखेरि डिटेक्टर किन कराएन? त्यहाँका भन्सारका कर्मचारीहरू के गरिरहेका थिएँ? त्यहाँको पुलिस के गरिरहेको थियो? आज हामीले हर्ने कुरा यो हो कि होइन? हामीलाई लाज हुन्छ कि हुँदैन? हामीले लाज मान्नुपर्छ कि पर्दैन? संसारभरी पुग्छ यो News, संसारभरीका मान्छेले हेर्छन् । हामी सरकार चलाउँदै छौं कि तस्कर गर्दैछौं? हामी जनतालाई राहत दिन खोज्दैछौं कि जनताको शान्ति सुरक्षा गर्दैछौं कि? आर्थिक मन्दी भइरहेको बेलामा राजस्व टाइट गरेर उठाउन खोज्दै छौं कि राजस्व खुल्ला गर्न खोज्दैछौं आज? यो मेरो प्रश्न छ सरकारसँग आज । यसरी हामी हिँडने हो भने हामी एकतिर ललिता निवास काण्डमा एउटा टिप्पणी उठाएको अधिकृत गए, बिस वर्षपछाडि टिप्पणी उठाउ भनेर आदेश गर्दाखेरि छानबिन गर्न सक्ने नेपालको प्रहरी आज सय किलो सुन निस्किँदाखेरि नेपालको पुलिस कहाँ गइरा'थ्यो? भन्सारको कर्मचारीको मिलोमतो विना हुन्छ? पुलिसको मिलोमतो विना हुन्छ यो चिज? सम्भव छैन । कुनै पनि सम्भव छैन । हामी विराटनगर जाँदाखेरि पनि डिटेक्टरले हाम्रो शरीरमा केही करायो भने के छ माननीयज्यू भनेर सोध्छ पुलिसले, यो छ भनेपछि जानुहोस् भन्छ । आज सयौं किलो सुन निस्किँदा हामी लापता छौं? हामी बेपत्ता छौं? त्यसकारण यो जुन आपराधिक गतिविधि हुनको लागि आपराधिक गतिविधिको क्रीडाथलो बनाउन खोजिँदैछ । यसबाट सरकार सचेत हुन जरूरी छ । सरकारले यस्ता मान्छेसँग सरकारको साँठगाँठ छ भनी भन्नुपर्‍यो सदनमा, हाम्रो काम नै यो हो भनेर । होइन भने सरकारका मान्छले यस्ता मान्छेलाई कारबाही गर्नुपर्‍यो । र २२ पल्ट भनेर आइरहेको छ News आज, कसरी आयो २२ पल्टसम्म? त्यसकारण यो पटक पटक हुने धन्दा हो । यो धन्दा नेपालमा एकतिर एउटा चिज गर्ने, हिजो मात्रै त्यो पक्राउ पर्‍यो, आज मात्रै पनि

छोडेको हुन सक्दछ । अस्तिको दिनमा मात्रै छोडेको हुन सक्दछ । किन एउटा वर्गलाई त्योतिर लाइदिएर, डाइभर्ट गरेर अनि फेरि धन्दा गरिराख्ने हुन्छ, धन्दा गर्ने मान्छेहरू ।

त्यसकारण सम्माननीय अध्यक्ष महोदय, आज म एकदम गम्भीरताका साथ उठाइरहेको छु । मैले यो सदनबाट बजेटको बेलामा भनेको थिएँ, अर्थ मन्त्रालय र गृह मन्त्रालय संवेदनशील बनोस् । र राजस्व चुहावट हुन नदियोस् । आज भन्सारको DG को मिलेमतो विना, पुलिसको, DIG को मिलेमतो विना भन्सारबाट त्यो सामान जान सक्दैन । त्यसकारण ती कर्मचारीलाई निलम्बन गर्नुपर्छ र छानबिन गर्नुपर्छ । भोली ती कर्मचारीहरूको संलग्नता भने रहेनछ भने तिनलाई सफाई दिने कुरा ठिक छ । तर त्यस्ता मान्छेलाई नहेर्ने हो भने, नगर्ने हो भने हामीप्रति कसैको विश्वास रहँदैन । हामीले अब आफूलाई सुधार्नै पर्छ, हामी सुध्रिनुपर्छ । विगतमा जानेर वा नजानेर गर्‍यौं होला गल्तीहरू । मैले भन्ने गरेको छु पटक पटक यो सदनमा, हामी आफ्नो लागि हामी आफूलाई जनप्रतिनिधि भन्छौं । एउटा जनप्रतिनिधिले बाग्लुङ्गमा त्यसरी सहकारी चला'को जनप्रतिनिधि देखिरा' छु मैले आज । मेयर बाग्लुङ्गबाट पोखरा हेलिकप्टरमा हिंड्ने हो जनताको पैसा उठाएर । २ अर्ब रुपैयाँ आज कुनै दिन एउटा पार्टीको टिकट लिने, कुनै दिन अर्कै पार्टीको टिकट लिने । पार्टी Change गरी गरी टिकट लिने हामी पार्टीवाला पनि पैसावालाहरू, ठगहरू, फर्जिमान्छेहरूलाई खोजी खोजी टिकट दिने हामीहरू । अनि हामी आफूलाई जनप्रतिनिधि भन्दै गर्ने, जनताको ढुकुटीको पैसा, जनताको मेहनतको, परिश्रमको, पसिनाको पैसा खाने मान्छेलाई हामी जनप्रतिनिधि भन्न सक्छौं? त्यसकारण पनि सम्माननीय अध्यक्षज्यूमार्फत सरकारको ध्यान आकृष्ट गर्न चाहन्छु । सरकार संवेदनशील रहोस्, जनताप्रति दवाफदेहीता बनोस् भनेर यिनै कुरा राख्दै बिदा हुन चाहन्छु । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्ष**:- माननीय राजेन्द्र लक्ष्मी गैरे । समय १२ मिनेट । त्यसपछि माननीय मोहम्मद खालिद ।

**(१३:४७ बजे) माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम म यो देशको आमूल परिवर्तनका लागि जीवन समर्पित गर्नुहुने कम्रेड सीता दाहाल र नेकपा यसको पार्टीका पाल्पाका अध्यक्ष कमल पाण्डेको यो बिचमा निधन भएको छ । वहाँहरू दुवै जना नेताहरू कम्रेडहरूलाई म हार्दिक श्रद्धाञ्जली र वहाँहरूले गर्नुभएको योगदानको उच्च सम्मानका साथ मैले आज दुइटा विषय यहाँ राख्ने प्रयत्न गरेको छु ।

पहिलो विषयः सामाजिक सञ्जालको विषयमा अहिले छ्यापछ्याप्तै हाम्रा वरिपरि समाजमा घटेका घटनाहरूको विषयमा म यहाँ यो विषयलाई उठान गर्ने प्रयत्न गर्नखोजेको छु । सामाजिक सञ्जालको सुरुआत १९९७ मा sixdegree.com सुरु भएको पाइन्छ । विश्वको ४० प्रतिशत मानिसहरूले सामाजिक सञ्जाल प्रयोग गरेको, जोडिएको देखिन्छ । नेपालमा यसको प्रयोगबाट हामी असामाजिक, सामाजिकभन्दा पनि असामाजिक ..... फस्ने, हाम्रो परिवारमा बसेर दुःख सुखका कुराहरू नहुने, दुःख साटासाट नहुने र एकान्तप्रेमी हामी बुढादेखि बच्चासम्म एकान्तप्रेमी हुने र त्यस्तै गरी सामाजिक सञ्जालबाट अरूको नकारात्मक चाहिँ आलोचनाहरू गर्ने, चरित्र हत्या गर्ने मानवीय संवेदनशीलतासँग खेल्ने, फोटोको दुरुपयोग गर्ने, धन सम्पत्तिको ठगी गर्ने, यो यतिकै भनेको हैन, एउटा बहिनीको जिउ, एउटा बहिनीको टाउको राखेर अनि त्यो मान्छेले विदेशमा बस्ने मान्छेसँग कुराकानी गरेको छ । उसले girlfriend भनेर पैसा पठाएको छ । त्यो टाउको अर्कैको छ र girlfriend बनेर पैसा लिने मान्छे अर्कै छ । र उसले घरमा बाउआमालाई केटाले फोन गरेर तिम्रो छोरीलाई मैले यति पठाएँ । यति लाख पठाएँ । तिमीले यो ७ लाख रुपियाँ ऋण फिर्ता गर, होइन भने तिमीलाई खतरा छ भनेर धम्की दिन्छ । बाउआमासमेत सुत्न नसक्ने, बस्न नसक्ने अवस्थाहरू भएको, त्यसैले गर्दाखेरिमा यो धनसम्पत्ति पनि ठगी गर्ने प्रवृत्ति बढेको छ । झुठा headline बनाएर समाचारहरू बनाउने र headline एउटा राख्ने र तलपट्टि अर्कै विकृतिका फोटाहरू राख्ने, फोटोहरूको दुरुपयोग गर्ने र अनि यस्ता घटनाहरू हामीले दिन प्रतिदिन घटेका घटनाहरू हामीले देखिरहेका छौँ । र यसले हाम्रो बालबालिकाको पढाइलाई बिगारेको पनि छ र हाम्रो समाजमा धेरै मानिसहरूलाई यसले चिन्तित बनाएको छ । मानिसहरूलाई चिन्तित बनाएको छ छ, त्यसमा पनि महिलाहरूलाई अझै बेसी यसले पीडित बनाएको छ । आज हामीले अघि पनि माननीयज्यूले चर्चा गर्दै हुनुहुन्थ्यो । मैले सुन्दै छु, शिक्षकहरूले suicide गर्ने, आत्महत्या विद्यार्थीहरूले आत्महत्या गर्ने, ऋण तिर्न नसकेकाहरूले आत्महत्या गर्ने, घर परिवार चलाउन नसकेका मान्छेहरूले आत्महत्या गर्ने । के यो हामीले सोचेको संसार यस्तो थियो? हामीले नेपाललाई यस्तो बनाउन खोजेका हौँ? हाम्रा व्यवहार, क्रियाकलापले, हामीले चलाएका प्रशासनले, हाम्रा कामले, हाम्रो समाज आज कता जाँदै छ? यो विषयमा हामी हरेक, हरेक व्यक्तिले, हरेक नागरिकले जिम्मेवारीका साथ सोचेर यस्ता खालका प्रवृत्तिहरूलाई नियन्त्रण गर्नको निम्ति अहिले हामी बजेट पास गरेर नीति निर्माणको चरणमा छौँ । त्यसैले गर्दाखेरिमा सञ्चार मन्त्री, गृहमन्त्रीको पनि म ध्यानाकर्षण गराउन चाहन्छु । अहिले हामीले यस्ता खालका विकृतिहरूलाई हाम्रो समाजमा भएका ठगीहरूलाई चोरीहरूलाई गलत खालको प्रयोगहरूलाई हामीले रोक्न सकेनौँ भने हामीले भोलिको पुस्तालाई हाम्रो समाज कस्तो हस्तान्तरण गर्छौं? त्यसका नीति, नीति निर्माण तहमा नीति निर्माण गरेर हामीले यो गलत

कामहरूलाई रोक्ने र हामीले हाम्रो समाजलाई अगाडि बढाउनको निम्ति, शान्तसँग बाँच्न सक्ने बनाउनको निम्ति, हाम्रो समाजको वातावरण सिर्जना गर्ने काममा हामी सबैको दायित्व र विशेष गरी सरकारको अझै बढी दायित्व, त्यसो हुनाले म अध्यक्षमार्फत म सरकारको यो विषयमा ध्यानाकर्षण गराउन चाहन्छु । यो संवेदनशील विषयहरू, साथीहरूले भनिरहनुभएको छ, दिदी यस्तो यस्तो खालको हामीलाई लेखे । यस्तो फोटो प्रयोग भयो । हामी डेलिकेसन जानुपर्‍यो भन्नुभा' छ । हामीले भनेका छौं । हामी यो आवाजलाई उठाउने छौं । सकेसम्म नीतिगत रूपमा नियन्त्रण गर्ने कोसिस गर्ने छौं । होइन भने हामी कसैको चरित्र हत्या भएको सहेर बस्न सक्दैनौं । हामीले आवाजहरूलाई बुलन्द गरेर न्यायको पक्षमा उभिन हाम्रा खुट्टाहरू कमाउने छैनौं । यो कुराहरू हामीले भनिरहेका छौं । र हामीले आवाजहरू उठाइरहेका छौं । अझै पनि महिलाहरूले आवाज उठाउनुपर्ने, अझै पनि सबै मिलेर लड्नुपर्ने, यो खालको अवस्था छ । यति कुरा म राख्न चाहन्छु ।

र अर्को विषय समयसँग थोरै म समय कम भयो भने थपिदिनुहोला । आज पहिलोपटक माग्दै छु । र अर्को विषय म खानेपानीको विषयमा उठान गर्न चाहन्छु । हामीले राखेको दिगो विकास लक्ष्य "एक घर एक धारा" सबै जनतालाई पानी खुवाउने हाम्रो लक्ष्य छ । यो लक्ष्यमा खानेपानी सेवा विस्तार तथा पुनर्स्थापनामा २०%, खानेपानी तथा सरसफाइ सहलगानीमा २०%, सहरी विकास अथवा र गुणस्तर सुधारमा ३०% जनताले श्रम गर्नुपर्ने हुन्छ । सारै आकुल व्याकुल भएपछि ३०% मा खाने हो भन्दा हामीले पनि खाने हो भन्यौं । १२ करोडको चाहिँ estimate भयो । जनताले ३ करोड ८१ लाख तिर्नुपर्ने भयो । त्यो बेलामा हामी उपभोक्ताको सातो नै गयो । र तर पनि हामीले त्यसलाई सम्पन्न गरेर जनताको बिचमा पानी त झार्‍यौं । तर त्यसलाई व्यवस्थित गर्ने कुरामा हाम्रो यो जुन खालको जनश्रमदान लगानी गर्ने कुरा छ । यसले अहिले हामी जनश्रमदानबाट काम गराउन समस्या छ । यो जनश्रमदानलाई, ३०% लाई ५% मा झारेर कम्तीमा त्यो मेन पाइपबाट घर लाने लाइनसम्म जनताले खनेर जोडेर लान सक्छ । त्यो काम चाहिँ गराउनुपर्दछ । र अरू चाहिँ जनताको श्रमलाई कटौती गर्नुपर्दछ । नीति निर्माणमा यो कुरा आउन पर्छ भन्ने लाग्छ । र संघीय खानेपानीको हिसाबले हेर्दाखेरिमा हामीले एक घर एक धारा भनिरहेका छौं । हाम्रो दक्ष जनशक्तिलाई हेर्‍यो भने २८ जना इन्जिनियर संघीय खानेपानीमा काम गर्नुहुने रहेछ । २८ जनाले हाम्रो ७७ जिल्ला एक घर एक धारा सम्भव छ त? हाम्रो योजना र हाम्रो जनशक्ति, हाम्रो योजना हाम्रो बजेट र जनशक्तिको तालमेल खाएको छ कि छैन? सम्भव छ कि छैन? त्यसो भएको हुनाले आज एक वर्ष अलिकति काम गर्‍यो । अर्को वर्ष अर्को अलिकति काम गर्‍यो । यसरी त खानेपानीजस्तो कुरालाई त

हुँदैन नि त हामीले सुरु गरेपछि अन्त्य गर्ने गरी नै लाग्नुपर्दछ । यसको लागि हाम्रो बजेट, हाम्रो योजना र जनशक्ति पनि तालमेल मिल्नुपर्दछ भन्ने मलाई लाग्दछ । अहिले यो खालको अप्ठ्यारो, यो खालको अवस्था देखिन्छ । त्यसो भएको हुनाले म त्यो कुराको उठान गरिरहेको छु । र यससित सँगसँगै । म सानो एउटा कुरा के जोड्न चाहन्छु भने अहिले जुन खालको अप्ठ्यारो र विकृतिको कुराहरूले गर्दा थुप्रै मान्छेहरू अलपत्र परेर सडकहरूमा हिँडिरहेका छन् । र कतिपय मान्छेहरूले सेवाको हिसाबले कामहरू गरिरहेका छन् । कतिपय मान्छेले सेवाको हिसाबले काम गर्न छोडेका छन् । दुःख गर्न छोडेका छन् । मानवीयता हाम्रो हराएको छ । त्यसो भएको हुनाले कम्तीमा एउटा जिल्लामा एउटा पुनर्स्थापना केन्द्र राखेर, यो सबै खालको हरेक हिसाबले पीडित भएको मान्छेहरूलाई हामीले सरकारी रूपमा, सरकारले हाम्रो संरक्षण गर्छ । हाम्रो आवाज उठाउँछ, हामी अप्ठ्यारो पर्दा सरकारको ढोका ढक्ढकाउन सक्छौं भन्ने अनुभूति दिलाउनुको निम्ति पनि हामीले काम गर्न, यसभन्दा अगाडि पनि मैले यो आवाजहरू उठाएको थिएँ । तर सरकारले केन्द्रमा एउटा पुनर्स्थापना केन्द्र राख्ने र त्यसले सबै महिलाको समस्याहरूलाई सम्बोधन गर्ने गरी ल्याएको छ । यो असम्भव कुरा हो । केन्द्रमा एउटा मात्रै राखेर हुँदैन । यो जिल्ला तहमा, प्रदेश तहमा, हरेक ठाउँमा राख्नुपर्ने हुन्छ । र सरकारको ढोका यहाँबाट खोलेपछि जिल्लासम्मको खोल्दा बल्ल सबैको व्यवस्थापन भएको देखिन्छ । त्यसो भएको हुनाले हामीले बनाएका योजनाले हामीले गरेका कामहरूले साँच्चीकै जनतालाई विश्वास दिलाउन सकिन्छ कि सकिँदैन? हाम्रो योजनाहरूलाई मैले सँगसँगै बालबालिका, महिलाको योजना पनि मैले हेरें । हाम्रो देशको अहिलेको सङ्कट र हाम्रो योजना, हाम्रो सङ्कट र हाम्रो योजनाले हामीलाई राहत पुऱ्याउन सक्छ त? यस्तो खालको त देखिँदैन । मैले अघि जनश्रमदानको कुरा उठाएँ । यसमा यति धेरै खानेपानीमा अहिले हामी सबै ठाउँमा चाहिँ बोरिङहरू गरेका छौं । बिजुलीहरू चलाका छौं । एउटा बिजुली चलाउँदाखेरिमा ३ लाखसम्म महिनामा चाहिँ पैसा आउँछ । कम्तीमा सरकारलाई 50 percent राहत दियो भने पनि त यो देशको सङ्कट अहिलेको अवस्थालाई राहत पुग्थ्यो नि त, टार्न सकिन्थ्यो नि त, यस्तो खालको योजनाहरू आओस् भनेर हामीले बारम्बार आवाज उठाइरहेका छौं । हामीले आवाजहरू उठाउँदै गर्ने र सरकारले आफ्नो तरिकाले हिजो जसरी परम्परागत रूपमा चलेको थियो, आज पनि त्यसरी नै चल्ने हो भने हामीले सोचेजस्तो परिवर्तन गर्न सक्छौं त? हामीले राखेको लक्ष्यमा हामी पुग्न सक्छौं? हामीले जनतालाई राहत दिन सक्छौं? यस्तो देखिँदैन । त्यसो भएको हुनाले हाम्रो कार्यक्रम हाम्रो योजना, हाम्रो शक्ति र अहिलेको देशको सङ्कट र जनताको आवश्यकताअनुरूप अगाडि बढाउँदाखेरिमा नै हाम्रो सरकारको स्थिरताको कुरा हुन्छ र सरकार स्थायी हुन सक्छ । शान्ति दिन सक्छ । अघि साथीहरूले चर्चा गरिरहनुभ'को छ । हिजोदेखि हामीले भोगेकै

कुराहरू, धेरै कुराहरू छन् । तर हामी, हाम्रो पहिलो दायित्व, पहिलो प्राथमिकता अहिलेको सङ्कटमा जनतालाई राहत दिने नै हुन्छ । यसतिर सरोकारवालाहरूको ध्यानाकर्षण गर्न चाहन्छु । ध्यान जाओस् भन्न चाहन्छु । यति कुरा भनेर आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय मोहम्मद खालिद । समय ५ मिनेट । त्यसपछि माननीय तुल प्रसाद विश्वकर्मा ।

**(१३:५९ बजे) <u>माननीय श्री मोहम्मद खालिद (जनता समाजवादी पार्टी, नेपाल)</u>**:- सम्माननीय अध्यक्षज्यू, आजको सबै पत्रपत्रिकामा मुख्य headline एक अर्बको सुनको तस्करी रहेको छ । वास्तवमा हेर्ने हो भने यो एकदम चिन्ताको विषय हो र म त के भन्न चाहन्छु कि यो डर लाग्दो अवस्था हो । एक अरबको सुन एकदम संवेदनशील ठाउँबाट यदि बाहिर आउन सक्छ भने यस्ता कुराहरू .....भित्र पनि जान सक्छ । र यो देशको लागि हाम्रो शान्ति सुरक्षाको लागि एकदम चुनौतीपूर्ण, मलाई लाग्दैन कि त्यहाँ राष्ट्रसेवकहरूको कमी छन् । जुन सरकार आए पनि करारमा भए पनि आफ्ना मान्छेहरू त्यहाँ राख्ने चलन छ दशकौंदेखि । र यदि सही त्यहाँको मूल्याङ्कन गरियो भने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा क्षमताभन्दा बढी राष्ट्रसेवकहरूले काम गरिराखेका छन् । तैपनि यस्ता घटनाहरू घटित हुनु एकदम चिन्ताको विषय हो । तर बाहिर आएर पनि केही राष्ट्रसेवकहरूले आफ्नो जिम्मेवारी निर्वाह गर्नुभयो । त्यसको अर्थ के छ भने धेरै आँखा बन्द छ तर केही आँखा त कम्तीमा खुल्ला छन् र राष्ट्र र राष्ट्रको जिम्मेवारी निर्वाह गर्नको लागि तत्पर छन् । यसरी नै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलसँग सम्बन्धित एउटा अरू विषय हामीले के हेरियो भने कि आफ्नो घरबाट आफन्तहरूसँग भेटघाट गरी रोई गाई यहाँ पुग्नुभो' मालासाला लगाई अबिरसबिर लगाई के अब हाम्रो flight हुँदै छ, विदेश जाँदै छौं, भित्र छिरियो, बोर्डिङ भयो, अध्यागमन पनि पार गऱ्यो, security पनि पार गऱ्यो । अनि भित्र waiting मा गएपछि केही अधिकारीहरूले आएर भन्छ, तिमीहरू जान पाउँदैनौं, बाहिर जाऊ । यो कुन विधि र कुन नियमले भएको हो? यसबाट श्रमिकहरूलाई कतिको क्षति भयो । कुन अवस्थामा नेपाली विदेश जान्छन् । खान नपाएर, रोजगारी नपाएर, औषधि उपचार गराउन नपाएर, शिक्षाको व्यवस्था नभएर, अनि आफ्नो आमा, बुवा, आफ्नो आमा, दिदीबहिनीको गरगहना बेचेर, घडेरी बेचेर, .....अवस्थामा दुःख बोकेर यहाँ त्रिभुवन विमानस्थलसम्म यहाँ पुग्छन् । अनि हामी लखेटेर त्यहाँबाट भगाउछौं । जब कि यी सबै श्रमिकहरू नियम, सबै

नियमको पालना गरेर त्यहाँ पुग्या थिए । म एक मिनेट समय मागेँ सम्माननीय अध्यक्षज्यूबाट । अनि त्यहाँबाट फर्काउँदा के लेखेर दियो भने कि तपाईंहरूको कागजात शङ्कास्पद छन् । तर त्यहीमध्ये केही मान्छे फेरि गयो । कुन आधारमा गयो? त्यही कागजात बोकेका मान्छेहरू, त्यही कागजात बोकेका श्रमिकहरू जनवरीदेखि अहिलेसम्म १२ हजारको सङ्ख्यामा विदेश गैसकेका छन् । ती १२ हजारको लागि कुनै कानुन र नियम थिएन? म वैदेशिक रोजगारमा जाने हाम्रा युवाहरूलाई यसरी दुःख नपरोस् भन्ने आउने दिनमा म सरकारसँग माग गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय तुल प्रसाद विश्वकर्मा । समय ५ मिनेट । त्यसपछि माननीय बामदेव गौतम ।

**(१४:०५ बजे) <u>माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले म यहाँ केही कुरा राख्न चाहन्छु ।

केही दिन अगाडि यही संसदमा र प्रतिनिधि सभामा पनि एउटा कुरा उठ्यो कि नेपालको सेनाको सङ्ख्या घटाउनुपर्छ । यसलाई पुनर्विचार गर्नुपर्छ । किनभन्दा देश आर्थिक मन्दीतिर गयो । र त्यो आर्थिक मन्दीलाई recover गर्नको लागि सेना सङ्ख्या घटाउने भन्ने कुरा आयो । र यहाँसम्म कुरा आयो कि नेपाली सेनाको कुनै काम छैन । यो कुनै विदेशी आक्रमणलाई यसले थेग्न पनि सक्दैन । विदेशीहरूसँग लड्न पनि सक्दैन । र यसको काम छैन भनेर यस खालका प्रश्नहरू पनि उठे । र यी खालका प्रश्नहरू अत्यन्त गैरजिम्मेवार र असान्दर्भिक छन् भन्ने कुरा म यहाँ राख्न चाहन्छु । किनभन्दा सेनाविनाको कुनै पनि देश र राष्ट्रको कल्पना गर्न सकिन्न । चाहे त्यो देश सानो होस्, चाहे त्यो ठुलो होस् । त्यसैले सेनाजस्तो महत्त्वपूर्ण एउटा अङ्गलाई कुन कारणले, कुन उद्देश्यले र कुन मनसायले घटाउने कुरो आइरहेको छ । यो अत्यन्त गम्भीर छ । र यसलाई सरकारले के सोचिरहेको छ? र यसमा ध्यान दिनुपर्छ भन्ने म सोच्छु । किन भन्दाखेरि कतै सेनाको सङ्ख्या घटाएर यो देशको सुरक्षा छाता अरूको कसैको हातमा सुम्पिने प्लानमा त हामी छैनौं? शङ्का गर्ने ठाउँ छ । त्यस्तो कुनै पनि हालतमा नहोस् । र यो देशको राष्ट्रिय अखण्डता, स्वतन्त्रता र यसको अस्तित्व जोगाउनको लागि नेपाली सेनाको अत्यन्त ठुलो महत्त्व छ । र यसको आफ्नै इतिहास छ । र यो सेना अहिले यो गणतान्त्रिक सरकारको मातहतमा पनि रहेको छ भन्ने कुरा हामी सबै जानकार छौं । त्यसैले यस खालका कुराहरू हामी यस जिम्मेवार ठाउँमा उठाउन उचित हुँदैन भन्ने म

ठान्दछु । र यदि  हो हाम्रो देशको अर्थतन्त्र अहिले ओरालो लागेको छ भन्ने कुरा हामीहरूले सुन्ने गरिरहेका छौं । त्यसलाई यो अर्थतन्त्रलाई थेग्ने यसलाई माथि उठाउने विभिन्न उपायहरू छन् । विभिन्न पक्षहरू छन् । त्यतातिर हाम्रो ध्यान किन जाँदैन? राजस्व चुवाहट रोक्नतिर हाम्रो ध्यान किन जाँदैन? अनि हामीले उद्योगलाई उद्योगधन्दा र कृषि को विकास गरेर देशलाई आत्मनिर्भर अर्थतन्त्र बनाउनेतिर हाम्रो ध्यान किन जाँदैन? र त्योभन्दा ठुलो कुरा हामी बारम्बार भन्दै आइरहेका छौं कि यो देश संघीयता बोझ भैरहेको छ । संघीय शासनको खारेजी गर्नुपर्छ भन्ने हामीले बारम्बार भन्दै आइरहेका छौं । एउटा संघीय सरकार थाम्न नसक्ने हाम्रो अवस्था भएको देशमा संघीयताको नाममा हामीले ७/७ ओटा सरकारहरू चलाइरहेका छौं । त्यसैले मैले यहाँ सुझाव दिन चाहन्छु । प्रदेश सरकार खारेज गरौं हामीले । त्यसलाई हामीले कार्यकारी रूपमा मात्रै राखौं । प्रशासनिक रूपमा हटाऊँ त्यसलाई । धन्यवाद । माफ गर्नुहोला म त समय सिद्धियो भनेर माफ गर्नुहोला । त्यसैले म यही सुझाव राख्न चाहन्छु कि हामीले प्रदेशतिर त्यो बोझलाई कम गर्नेतिर हामीले ध्यान दिऊँ । र यो आर्थिक भारलाई कम गरौं । अनि कसरी यो केन्द्रको अधिकार स्थानीय तहमा लानको लागि mediator को रूपमा हामी प्रदेशलाई राखौं । त्यो गऱ्यो भने चाहिँ सहज हुन्छ । र यो देशको अर्थतन्त्र यहाँको विकासलाई टेवा दिनको लागि हामीले अन्य उपायहरू खोजौं । र यसको साथै अर्को एउटा विषयमा पनि म यहाँ उठाउन चाहन्छु । समयको अभाव छ, कृपया १ मिनेट थप दिनको लागि मैले अनुरोध गर्न चाहन्छु । कि यो दलितहरूको माथिको उत्पीडन हो, यो अत्यन्तै एउटा क्यान्सर रोग बनेर बस्यो । हामीले गणतन्त्र ल्यायौं, पटक पटक राजनीतिक परिवर्तन गऱ्यौं । उत्पीडित जातिहरूको माथिको जुन उत्पीडन हो, त्यसलाई चाहिँ हामीले हटाउन सकेनौं । सरकारले त्यतातिर तदारुकतासाथ ध्यान दिन सकेन भन्ने हामीलाई महसुस भएको छ । भर्खरै केही समय अगाडि पारित भएको सङ्कल्प प्रस्तावको कार्यान्वयनको विषयमा पनि त्यही किसिमको अवस्था रहेको छ । त्यो कार्यान्वयनमा अझै गैसकेको छैन । बारम्बार निरन्तर रूपमा विभिन्न जिल्लाहरूमा चाहिँ दलित, उत्पीडनका घटनाहरू नितरन्तर घटिरहेका छन् । यस खालका सामाजिक उत्पीडन र यसका खालका अवस्थालाई सरकारले बेलैमा ध्यान दिएर यसलाई समाधान गर्न सकेन भने निश्चित रूपमा सामाजिक सद्भाव खल्बलिने, निश्चित रूपमा यो देशको एउटा जुन रूपमा यसलाई हामीले कल्पना गरेका छौं अगाडि बढाउने, त्यो रूपमा जान सक्दैन भन्ने मैले सोच्दछु । यस्तै यस्तै जनजातिका कुराहरू छन् । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय बामदेव गौतम । समय १० मिनेट । त्यसपछि माननीय गंगा कुमारी वेलबासे ।

(१४:११ बजे) **माननीय श्री बामदेव गौतम (मनोनीत)**:- सम्मानानीय अध्यक्ष महोदय, संजोगले पूर्ववक्ता माननीयज्यूको विषय र मेरो विषय एउटै परेछ । त्यही पनि वहाँले बोल्नुभएका विषयहरूलाई छोडेर त्यसैसित सम्बन्धित अरू विषय, अरू केही विषयहरू पनि समावेश गरेर म बोल्न चाहन्छु ।

२०४८ सालमा संवैधानिक राजतन्त्र पुनर्स्थापना भएपछि पहिलो संसदको काल थियो । त्यस बेला पनि म संसदमा थिएँ । त्यस बेला एउटा चर्चा चल्या थियो । नेपाली सेनाको काम छैन, तर्क के थियो भने चीनले आक्रमण गऱ्यो भने हाम्रो सेनाले प्रतिवाद गर्न सक्छ? भारतले आक्रमण गऱ्यो भने हाम्रो सेनाले प्रतिवाद गर्न सक्छ? त्यसो भएर हामीले सेनाविना नै हाम्रो राज्यलाई कसरी सुदृढ गर्न सकिन्छ? कसरी संरक्षण गर्न सकिन्छ । त्यो बाटोमा लाग्न पर्छ । राजालाई सलामी दिने, नाम पनि त्यस बेला राजालाई सलामी दिने नाम राखिया थियो । केही सैनिकहरू राखे पुग्छ । यो विषय त्यस बेला उठ्या थियो । तर त्यो अगाडि बढ्न सकेन । आज फेरि सेनाको त्यही विषय उठ्या छ । राज्य शक्तिको नाम हो । हुनत कतिपयले सरकारको विकल्पमा पनि प्रस्तुत गर्नुहुन्छ, राज्य शब्द । राज्य शक्तिको नाम हो । सार्वभौमसत्ताको नाम हो, त्यो देखिँदैन । राज्य हुनको निम्ति भूमि आवश्यक पर्छ । अधिकार सम्पन्न जनताको आवश्यकता पर्छ, सरकारको, स्वतन्त्र सरकारको आवश्यकता पर्छ र सेनाको आवश्यकता पर्छ । सेना भएन भने संयुक्त राष्ट्र सङ्घले आफ्नो सदस्य बनाउँदैन । त्यसो भएर सेना जरुरी छ र यी सबैको हिसाबले भूमिको हिसाबले भूमि बोल्दैन, त्यस हिसाबले होस् कि । जनता देशैभरि छरिएका छन्, जनताको प्रतिनिधित्व गर्ने ठाउँमा जनता आइपुगेका छन् । त्यसो भएर उनीहरूले राज्य सञ्चालन गर्ने ठाउँमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । विचार गर्न पर्ने उनीहरूले हो । त्यसै गरेर सरकार जनप्रतिनिधिले निर्वाचित गरेको छ । जनतामा रहेको सार्वभौम अधिकार हस्तान्तरण भएको छ सरकारमा । सरकारले त्यहाँ काम गर्छ । यी सबैभन्दा ज्यानको बाजी लगाएर परी आउँदाखेरि बलिदान हुन तयार हुने बन्दुक बोकेर बसेकाहरू छन् । यसरी हेर्दा राज्यका चारओटा अङ्गहरू छन् । त्यसमध्ये एउटा अङ्ग मात्रै कमजोर भयो भने हामीले दुर्घटना बेहोर्नेभन्दा अरू केही पनि हुँदैन । नेपाली सेनालाई यसरी हामीले अपमान गर्न हुँदैन । नेपाली सेना अहिले लगभग ९६ हजारको छ । यो सेनाको इतिहास एकपटक म दोहोऱ्याउन चाहन्छु ।

आजको नेपाली सेनाको स्थापना झन्डै २५५/६० वर्ष पहिले पृथ्वीनारायण शाहले स्थापना गरेका थिए । त्यो सेनाले नेपाल एकीकरणमा महत्त्वपूर्ण भूमिका खेल्यो । १८१४ मा

नेपालमाथि अङ्ग्रेज साम्राज्यवादको एकैचोटि ९ ठाउँबाट आक्रमण भो' । २ वर्षसम्म लड्यो नेपाली सेना नेपाली जनताको साथ लिएर र हार्न त पऱ्यो तर नेपाल जिउँदो राखेर केही भूमि छोडेर नेपाली सेनाले नेपाललाई जोगायो । त्यस बेला अङ्ग्रेज साम्राज्यवादसित कति फौज थियो? सारा संसारभरि उसको राज्य थियो । उसका उपनिवेशहरू थिए । त्यही केही समयपछि सिङ्गो भारतलाई उपनिवेश बनायो त्यसले तर नेपाल स्वतन्त्र रहयो र त्यो स्वतन्त्रताको सबै नेपाली जनता त्यस बेलाका शासक, प्रशासक सबै जिम्मेवार छन् स्वतन्त्र राख्नको निम्ति, तर मुख्य नेपाली सेना हो । त्यो नेपाली सेनाले अरू धेरै धेरै अप्ठ्यारो अवस्थामा नेपाल राष्ट्रको रक्षा गरेको छ । नेपाली जनताको रक्षा गरेको छ । र अन्तिमपटक नेपाली सेनाले राजतन्त्र अन्त्य गरेर संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी हुँदाखेरि त्यो संविधानलाई सलाम ठोकेर हामी समर्थन गर्छौं भनेर भन्यो । यो संसारमा राजतन्त्रले राजाले निर्माण गरेको यत्रो लामो इतिहास भएको फौजले जनताले निर्णय जे गर्छन्, त्यो हामी शिरोधार्य गर्छौं भनेर भनेको अर्को इतिहास छैन नेपालमा । त्यो सेना, गौरवगाथा बोकेको सेना, त्यो इतिहास पढ्नुपर्छ, दोहोऱ्याएर पढ्नुस् । म अनुरोध गर्छु, ती साथीहरूलाई जसले सेनाको सङ्ख्या घटाउनुपर्छ, त्यसबाट बचेको पैसाले देश विकास गर्न पर्छ भन्नुभा' छ । नेपाली सेनालाई त्यसलाई नियमित सेना ९६ हजार होला १ लाख राख्दिनुस् । अर्को २ लाख सेना निर्माण गरेर देश निर्माण र औद्योगिक क्षेत्र र कृषि उत्पादनको क्षेत्रमा लगाउनुस्, सेनाले गरेर देखाउँछ । र यसले ५ वर्षभित्र नेपाललाई आत्मनिर्भर मात्रै होइन, विदेश पठाउने गरी हाम्रो देशमा उत्पादनको वृद्धि गर्नसक्छ । अनेक ठाउँमा उसले आफूलाई ऐतिहासिक रूपले सावित गरेको छ, नेपाल सेनाले पैसा जोगाउनको निम्ति त धेरै ठाउँहरू छन् । अघि पनि भन्नुभो' माननीय तुल प्रसादजीले प्रदेशसभाको के काम छ? संघीय संरचना भएको हुनाले काम छ । संविधानमा छ त्यसो भएर मैले अन्यथा लिँदैन, भन्दैन । तर काम के छ? कहाँनेर गर्छ त्यसले काम? त्योभन्दा तल अर्को तह छ । संघीय संरचनाको अर्को तह छ । जुन प्रदेशको मातहत छैन । केन्द्रको मातहत छैन । जति केन्द्र, प्रदेश अधिकार छ त्यतिकै त्यो खडा हुनुको निम्ति स्वायत्त अधिकारसहितको छ ।

२७५ जनाको प्रतिनिधि सभा किन राख्या छ? घटाउनुस् त्यसलाई । २०० मा झारेर २०५ जना बनाउनुस्, २०३ जना बनाउनुस् अथवा १५०/१५१ मात्रै बनाउनुस् त्यै पनि चल्छ । राष्ट्रिय सभाको सदस्य हुँ, भन्न त मिलेन तर प्रतिनिधि सभाको भन्दा छुट्टै के छ? अधिकार के छ? कर्तव्य के छ? बेलायतको नक्कल गरेर, जस बेला राजाको टाउको काटेर विद्रोहीहरूले बेलायतभरि घुमाएका थिए । र पछि श्रमिकहरूले विद्रोह गर्न सुरु गरेपछि

श्रमजिवीहरूको विरुद्धमा त्यहाँका जमिनदार र पुँजीपतिहरू मिलेर छुट्टै सदन बनाउने एउटा upper house जसलाई House of Lord भनियो । Lord भनेर भनेको भगवान मात्रै होइन, Lord भनेर भनेको जमिनदार पनि हो सामन्त पनि हो, तिनीहरूसित मिलेर house of common झन् तल common भएर बसौं तर राज्य चलाउने हामीले भनेर बनाएकोलाई नक्कल गरेर आज हामी यहाँ छौं । त्यसो भएर नक्कल धेरै क्षेत्रमा भ'को छ । संसदीय क्षेत्रमा नक्कल भ'को छ र यो संसद रहँदासम्म नेपाल विकास पनि हुँदैन । अगाडि बढ्न पनि सक्दैन । प्रतिनिधि सभाले कार्यकारी चुन्ने प्रणाली हुँदासम्म अगाडि जान सकिँदैन । र यस किसिमका जसले देश जोगायो । यसले आफ्नो रगतले हरेक माटो चाहिँ रातो बनाएको छ । त्यसलाई हटाउन पर्छ भनेर भन्ने ठाउँमा छलफल गर्ने र देश विकास गर्ने सम्बन्धमा कुनै काम नगर्ने त्यस्तो हामीले गऱ्यौं भने हामी सराप भोग्ने छौं । सतीको सराप भनेर भन्ने छ हामीले त्यो सराप भोग्ने छौं । त्यसो भएर म यसलाई खण्डन गर्न चाहन्छु । र अस्ति नेपाली काँग्रेसले लाइभ गरेर, केन्द्रीय कमिटीको बैठक सुरु गरेको छ । यो कम्युनिष्टहरूलाई चुनौती कम्युनिष्ट पार्टीहरू हो । त्यो बाटोमा हिँड सक्छौं कि सक्दैनौं? अब गोप्य बस्नुपर्ने भ्रष्टाचार गर्नुको निम्ति, व्यभिचार गर्नको निम्ति, दुराचार गर्नको निम्तिबाहेक अर्को गोप्य रूपमा निर्णय गर्नपर्ने कुनै विषय छैन । संघीय लोकतान्त्रिक गणतन्त्र भैसकेपछि सबै प्राप्त भयो । समृद्धि ..... चाहे चीनको समृद्धि, चाहे अमेरिकाको समृद्धि, चाहे युरोपको समृद्धि होस्, यही बाटोबाट प्राप्त गर्न सक्छौं हामीले । त्यसो भएर खुला गरेर एकदम धेरै राम्रो काम गर्नुभ'को छ नेपाली काँग्रेसले, धेरै राम्रो काम गरेको छ । नेपाली काँग्रेसलाई मेरो बधाई छ । र त्यही बाटोमा कम्युनिष्टहरू पनि हिँड्न पर्छ भन्ने म अनुरोध गर्दै आफ्नो विचार अन्त्य गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय गंगा कुमारी वेलबासे । समय ६ मिनेट । त्यसपछि माननीय दिल कुमारी रावल थापा "पार्वती" ।

(१४:२३ बजे) **माननीय श्री गंगा कुमारी वेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, अहिले नेपाली राजनीतिक पार्टीहरू, नेपालका राजनीतिक पार्टीहरू बैठकमा छन् । उनीहरूले देशको समृद्धि, सुशासन र सामाजिक न्यायको पक्षमा आफ्नो विचारहरू दृढतापूर्वक राखुन्, निर्णय गरुन् र पार्टीहरू सशक्त ढङ्गले अगाडि जाने निर्णय गरुन् भन्ने मेरो शुभकामना व्यक्त गर्न चाहन्छु । सरकारले एक quintal बढी सुन तस्करहरूबाट बरामद गरेको छ । सरकारले भ्रष्टाचार, तस्करी, कमिसन खोर, बिचौलियाहरू

एकपछि अर्को काण्डका अपराधीहरूलाई गिरफ्तार गर्दै आएकोमा नेपाल सरकार, गृहमन्त्रीज्यू र अप्रेसनमा खटिरहने सफल हुने सम्पूर्णहरूमा धन्यवाद दिन चाहन्छु ।

नेपाली जनता विगत १५ वर्षदेखि मिटरब्याजीहरूबाट पीडित भइराखेका थिए । विगत १२ वर्षदेखि ललिता काण्डको विषय उठिराखेको थियो । त्यसमा ठोस कदम अगाडि बढेको थिएन । यतिबेला अगाडि बढिराखेको छ । ती अपराधीहरू नछुटुन् र अपराध कर्ममा स्वच्छ मान्छेहरू नफसुन् भन्ने कुरामा सरकार दृढतासाथ अगाडि बढोस् । र सुन काण्डमा साना साना घटनाहरू, सान साना भरियाहरू पक्रिने गरेको थियो । अहिले केही सुरक्षाकर्मीहरू, मुख्य व्यक्तिहरूको नजिक पुग्ने र ठुला ठुला काण्डहरूमा सरकार सफल हुने दिशामा अगाडि बढेको देखिएको छ । यसको लागि नेपाल सरकार तस्करहरूको खेल मैदान हुनबाट देशलाई बचाउनको लागि अगाडि बढोस् । मेरो शुभकामना छ ।

म अर्को विषय राख्न चाहन्छु । म्यानमारमा नेपाली कामदारहरूलाई थुनेर राखिएको छ । त्यहाँ नेपाली श्रमिकहरू विभिन्न देशमा यो कम्बोडिया, म्यानमार र लाओसजस्ता देशहरूमा तस्करीको रूपमा लैजाने र त्यहाँ त्यस्तो पेसामा फसाउने जुन कामहरू भइराखेको छ, त्यसप्रति म खेद प्रकट गर्दै कामदारहरूलाई दिइरहेको चरम यातना र उनीहरूले पाइराखेको दुःख र सरकारसँग गरिरहेको हार गुहार र ठगीका कामहरूमा त्यहाँ तस्करहरूले प्रयोग गरिराखेको जुन समाचारहरू आइराखेका छन्, नेपालीहरूलाई त्यसरी प्रयोग गर्ने, गिरीहरू उनीहरूको बन्धनमा परिरहेका श्रमिकहरूलाई मुक्त गर्नका लागि त्यहाँको दुतावास लागी परोस् भन्ने कुराहरू म राख्न चाहन्छु । उनीहरूलाई बन्धक बनाउने र त्यसबाट फिरौती माग्ने जुन कामहरू भइराखेको छ, केही फिरौती तिरेर नेपालमा आइसकेको कुरा जानकारी भएको छ । त्यसो गर्दाखेरि परराष्ट्र मन्त्रालय र नेपाली राजदूतहरू विभन्न ठाउँमा त्यो किसिमले फसिरहेका नेपालीहरूलाई उद्धार गर्नका लागि लागी परोस् भन्ने कुराहरू म राख्न चाहन्छु ।

नेपालीहरू संसारभरि इमान्दार, मेहेनती मजदुरहरूको रूपमा चिनिएका छन् । राम्रो अध्ययन गर्ने, University हरू top गर्ने नेपालीहरू छन् । अवसर पाउँदाखेरि राम्रा खेलाडीहरू राम्रो अफिसरहरू संसारभरि उत्पादन भएका छन्, देखिएको छ । नेपाली किन तस्करी अपराधीहरूको चङ्गुलमा परेर आफ्नो र परिवारको जीवन बर्बाद भइरहेको छ भन्ने कुराहरू एउटा आजको गरिबी, बेरोजगारी र समाजमा भएका विकृतिहरूले गर्दाखेरि केही देखापरिरहेको छ । यसबाट हामी मुक्त हुनुपर्छ भन्ने कुराहरू म राख्न चाहन्छु । सरकार म्यानमारमा बन्धक नेपाली र नेपालीहरूको उद्दार र मानव तस्करीमा संलग्नहरूलाई पक्राउ गरी कारबाही गर्नको लागि अगि बढोस् भन्ने कुराहरू म राख्न चाहन्छु । थाइल्यान्ड भन्दै झुकाएर म्यानमार लैजाने र त्यहाँ

गलत कामहरूमा फसाउने जुन कामहरू भएको छ र बन्धक गरेर राख्ने कामहरू भएको छ, त्यसबाट हामीहरू मुक्त हुनुपर्छ भन्ने कुराहरू म राख्न चाहन्छु ।

र यो गरिबी र विकृति (मलाई एक मिनेट plus गर्दिनुहोला ।) गरिबी र विकृतिबाट मुक्त हुनका लागि हामी हाम्रा विद्यार्थीहरूलाई सरकारी स्कुलमा पढाउनका लागि पहल गरौं, बल गरौं । र हामी सरकारी विद्यालयमा हामी निःशुल्क गरिराखेका छौं । शिक्षामा लगानी बढाइराखेका छौं । र हामी कृषिमा आधारित भएर, हामी कृषिमा आत्मनिर्भर भएर अगाडि बढ्यौं भने हाम्रा बच्चाहरू माया, प्रेम र एउटा सत्कर्मतिर लाग्ने छन् भन्ने कुराहरू म राख्न चाहन्छु ।

अब उत्पादनमा विभिन्न आधुनिक हतियारहरू, आधुनिक साधनहरू पनि आएका छन् । विभिन्न ज्ञान, सिपको पनि विकास भएको छ । हामी उत्पादन बढाउन र कृषिमा लगानी गर्ने, बच्चाहरूलाई सरकारी स्कुलमा पढाउने र सरकारी स्कुलमा भएको निःशुल्क, खाजामा भएको छुट, बालिकाहरूलाई भएको केही राहतहरूलाई हामी प्रयोग गर्न सक्छौं भन्ने कुराहरू म राख्न चाहन्छु ।

यस्तै गरेर नैतिक र एउटा माया प्रेमसहितको परिवार निर्माण गर्न सक्छौं भन्ने कुराहरू म राख्न चाहन्छु । शिक्षामा लगानी गर्ने र आर्थिक सुशासन कायम गर्ने भ्रष्टाचारको विरुद्ध आर्थिक सुशासन कायम गरौं, भ्रष्टाचारको विरुद्ध कडा प्रतिरोध गरौं भन्ने भनाइ राख्दै मेरो भनाइ यहीं अन्त गर्न चाहन्छु । हवस्, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय दिल कुमारी रावल थापा "पार्वती" । समय ८ मिनेट । त्यसपछि माननीय डाक्टर विमला राई पौडयाल ।

**(१४:३० बजे) <u>माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले यो आजको विशेष समयमा जनसरोकारका विषयमा केही आफ्ना धारणाहरू यो संसदमा, यो सभामा प्रस्तुत गर्न चाहन्छु । आज विशेष समयमा बोलिरहँदा केही जनसरोकारका विषय केही जनताका सवालहरू मलाई प्राप्त भएको छ ।

पहिलो विषय छः चितवनका केरा, उत्पादक किसानहरूको । चितवनका केरा उत्पादक किसानहरू एउटा चिन्तामा छन् । ठुलै मात्रामा जग्गा भाडामा लिएर किसानहरूले केरा खेती गर्दै आइरहेको छ । एकदमै राम्रो सम्भावना भएको जिल्ला चितवन हो । चितवनमा राम्रो केरा

पनि उत्पादन भइरहेको छ । २०७०/०७१ सालदेखि सुरु भएको केरा खेतीमा बिमा कार्यक्रम लागु भएपछि किसानहरूमा एउटा उत्साह, आत्मनिर्भर उन्मुख भइरहेर ठुलै मात्रा जग्गा भाडामा लिएर किसानहरूले केरा उत्पादन गरिरहेको अवस्थामा अहिले चैं यो किसानहरूको, यो केरा खेती किसानहरूको बिमा चैं नगर्ने भनेर बिमा कम्पनीले रोकेको छ । यसले गर्दा किसानहरू ठुलो मारमा परेको छ । उहाँहरूले चैं पत्रमार्फत यो विषय संसदमा उठोस् भनेर जानकारी गराउनुभा'को छ । म सरकार, कृषि मन्त्रालय, त्यस्तै गरेर नेपाल बिमा प्राधिकरण र कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई यो चितवनको केरा किसानहरूको बिमाको सन्दर्भमा सहजीकरण गरेर समयमै किसानहरूलाई बिमा गर्ने वातावरणको सहजीकरण गर्नको लागि सरकारको ध्यानाकर्षण गर्दछु । सँगसँगै सोही खेती, यही केरा किसानहरूले एकदमै आवश्यक, केरा उत्पादनको लागि आवश्यक पर्ने potash मल विगत ८ महिनादेखि अभाव झेलिरहेको कुरा उहाँहरूले पत्रमा पठाउनुभा'को छ । केरा उत्पादनको लागि महत्त्वपूर्ण मानिने potash मल अभाव भएको छ । र यो किसानहरूलाई आवश्यक पर्ने potash मल समयमै उपलब्ध गराउनको लागि म सरकारसँग माग गर्छु ।

त्यस्तै अर्को एउटा सवाल जनताले पठाउनुभा'को छ । यो सवाल हो नौबिसे खानी खोला सडक खण्ड, जो हामी राजधानी आउने महत्त्वपूर्ण राजमार्ग हो । यो नौबिसे खानी खोला सडक खण्डअन्तर्गत धुनीबेसी नगरपालिकाको ६ नम्बर, ७ नम्बर, ८ नम्बर, ९ नम्बर वडाका बासीहरूको त्यहाँका बासिन्दाहरूको घर, जमिन विगत ५ वर्षदेखि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले रोक्का गरेको छ । र विभिन्न समयमा जनप्रतिनिहरूले सम्बन्धित पक्षसँग कुरा गर्दा हामी अनुसन्धान गरेर तत्कालै यो फुक्का गर्छौं भन्दा भन्दै ५ वर्ष बितिसकेको छ । र पेसा व्यवसाय गर्नुपर्ने, विभिन्न कामका लागि आफ्ना जमिनहरू अथवा घरहरू भाडामा लगाउनुपर्ने, बेचबिखन गर्न नपाएर अहिले उहाँहरू समस्यामा हुनुहुन्छ । उहाँहरूको माग के छ? के कारणले यति लामो समयसम्म यो चैं फुकुवा भएन? यदि सरकारलाई सडक निर्माणको लागि आवश्यक पर्ने हो भने नि प्रचलित नियमअनुसार मुआब्जा लिएर त्यो जग्गा, घरहरू छोड्न नागरिक तयार हुनुहुन्छ । होइन भने त्यो अप्ठ्यारोमा पारेर ५/५ वर्षदेखि आफ्नो व्यक्तिगत सम्पत्ति प्रयोग गर्न पाएका छैनौं । यो विषय चैं संसदमा उठोस् भनेर उहाँहरूले पत्र पठाउनुभा'को छ । म योसँग सम्बन्धित नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई यो सडकको समस्यासँग जोडिएको भ'को हुनाले भौतिक पूर्वाधार मन्त्रालयलाई यो एकदमै जनतासँग दिन दैनिकीसँग जोडिएको, व्यक्तिको निजी सम्पत्ति प्रयोगसँग जोडिएको

विषयमा के भएको छ? सहजीकरण गरेर यो के हो अवस्था? जानकारी गराउनको लागि पनि म माग गर्छु ।

त्यस्तै गरेर तेस्रो सवाल अहिले यहाँ उठिसकेको छ । अहिले झन्डै १४ हजार सहकारीका ७३ लाख बचतकर्ताहरू निक्षेप फिर्ता हुनुपर्यो भनेर मागसहित आन्दोलन गरेको, धर्ना गरेको, रिले अनसन गरेको मलाई लाग्छ आज ४९ दिन भयो । र केही बिरामी भएर अस्पतालमा पुगेको कुराहरू छ, केही आत्महत्या गरेका कुरा, केही आत्महत्या गर्न तम्तयार भएका घटनाहरू चैं प्राप्त भएका छन् । यसतर्फ सरकार के गरिरहेको छ? सहकारी पीडित बचतकर्ताहरूको यो अवस्था आइरहँदा किन सरकारले यसतर्फ ध्यान दिन सकेको छैन? सुरुमा oriental सहकारीबाट सुरु भएको यो समस्या civil हुँदै शिव शिखर सहकारीसम्म आइपुग्दा एउटै सहकारीले करोड होइन अरबौं रुपैयाँ ठगी गरेको उजुरी पनि आइसकेको छ । पछिल्लो समयमा यही शिव शिखर बहुउद्देशीय सहकारी सञ्चालनको बचतकर्ताको यो सहकारीको बचतकर्ताले ११ अर्बभन्दा बढी रकम हिनामिना गरेको, ठगी गरेको घटना बाहिर आएको छ । एउटै सहकारीले यति ठुलो रकम ठगी गरेको देखिनुले पनि यो समस्या कति भयावह छ भनेर हामी सामान्य ढङ्गले पनि बुझ्न सक्छौं । यो सहकारी भन्नेबित्तिकै अघि विषय उठिसकेको छ । सहकारीमा बचत कसले गर्छ भन्दाखेरि ज्याला मजदुर गर्नेले गर्छ, ठेला व्यापरीले गर्ने गर्छ, मकै पोल्ने व्यापारीले गर्ने गर्छ, नाङ्ला पसाल चलाउने व्यापारीले, सामान्य व्यापारीदेखि एउटा विभिन्न पेसा व्यवसायमा संलग्न भ'का मान्छेहरूले सहज पहुँचका हिसाबले सहकारीमा बचत गर्नु छ । तर आज त्यो एउटा सुन्दर भविष्यको परिकल्पना गरेर दुःख, मेहनत गरेर कमाको पैसाको आज बचत यो ढङ्गले दुरुपयोग भइरा' छ । यो कसरी भइरहेको छ? यसको तर्फ सरकार किन गम्भीर बन्न सकिरहेको छैन? आज सबै सहकारी ठगीको उजुरी नपरे पनि अहिले यो राजधानीमै भएका ठुला सहकारी, अहिले सरसर्ती हेर्दा झन्डै ३० हजारभन्दा बढी सहकारीहरू छन् । विभिन्न प्रकृतिका १५ हजारभन्दा बढी सहकारी चैं बचत तथा ऋण कारोबारसँग रहेका सहकारी छन् । त्यो १५ हजार बचत तथा ऋण सहकारीसँग जोडेका सहकारीहरूको पनि ग्रामीण स्तरमा भन्दा पनि सहरमा अझै राजधानीमा रहेका सहकारीको चैं जुन ठुलो रकम आज दुरुपयोग भइरहेको छ । यतातर्फ सरकार गम्भीर बन्नका लागि म अनुरोध गर्न चाहन्छु ।

एउटा मात्रै उदाहरण मलाई प्राप्त भा' थियो । डेढ लाख बचत गरेको एकजना बचतकर्ताले आफ्नो निक्षेप फिर्ता गर्न खोज्दा २ महिना धाउँदा धाउँदा पनि ३ महिनाको म्याद राखेर ५ हजारको चेक दिएको भनेर चैं त्यो गुनासो लिएर आउनुभा'को थियो । यसरी हेर्दा सहकारीको सङ्ख्या ठुलै सङ्ख्यामा चैं यो सहकारीहरू जोखिममा गा'को, यो अनौपचारिक रूपमा

बन्द नभए पनि जुनसुकै बेलामा यस्ता सहकारीहरू बन्द हुने किसिमको सङ्ख्या चैं ठुलो मात्रामा बढिरहेको देखिएको छ । यसरी सहकारीमा चैं यो समस्यादेखि लगायत अहिले सहकारी सञ्चालकहरूले किन यस्तो भइरहेको भनेर हेर्दा सहकारी सञ्चालकहरूले आफूखुसी बचतकर्ताको रकम दुरुपयोग गरेका छन् । अहिले समस्यामा आएका अधिकांश समस्याग्रस्त सहकारीको अवस्थालाई नियल्दाखेरि यी विभिन्न कम्पनीहरू आफैंले सञ्चालनबाट आफैंले खडा गर्ने, आफैंले ऋण लिने, बचतकर्ताको निक्षेप दुरुपयोग गर्ने, विशेष गरेर घर जग्गामा लगानी गरेको कुराहरू चैं बाहिर आएको छ । र यसले गर्दा यो किन यस्तो भइरहेको छ? भनेर हेर्दाखेरि हामीले सहकारी ऐन, २०७४ जारी गर्यौं । यस संसदले, हामीले जारी गर्यौं । तर त्यो सहकारी ऐन, २०७४ मा धेरै कुरा व्यवस्था गरिएको थियो । सहकारी कर्जा सुरक्षा केन्द्रको कुरा, ऋण असुली न्यायाधिकरणको कुरा, बचत तथा ऋण सुरक्षा कोषको कुरा, यस्ता थुप्रै कुराहरू हामीले त्यो सहकारी ऐनमा व्यवस्था गरेका थियौं । त्यो सहकारी ऐनमा व्यवस्था गरेका कुरा चैं लागु भएको भए आज बचत त्यो अवस्थामा जाने थिएन । र त्यसले हामीले सहकारीको नियमन सही ढङ्गले हुन नसक्दा यो स्थिति पैदा भएको छ । म सरकारलाई सहकारी ऐनअनुसार गर्नुपर्ने प्रावधान तत्काल बनाउनका लागि, त्योअनुसार नियमन गर्नको लागि अहिले समस्या देखिन्छ ।

सँगसँगै हिजो मात्रै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट kilo होइन quintal सुन बाहिरिएको छ, ठुलो मात्रामा । यो ठुलो मान्छेको साथ, सहयोगविना यो असम्भव छ । त्यसैले भ्रष्टाचारसँग सम्बन्धित सबै घटना भन्सारसँग, सुन तस्कारसँग जोडिएका सबै घटनाको तथ्य, सत्य निष्पक्ष छानबिन गरेर कारबाहीको दायरामा ल्याउनको लागि म जोडदार माग गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय डाक्टर विमला राई पौडयाल । समय ९ मिनेट । त्यसपछि माननीय माया प्रसाद शर्मा ।

**(१४:३८ बजे)** **<u>माननीय डा. विमला राई पौडयाल (मनोनीत)</u>**:- सम्माननीय अध्यक्षज्यू, रक्षा मन्त्रालयको नीति कार्यक्रमको छलफलमा, नीति कार्यक्रम र बजेटको छलफलको क्रममा वार्षिक कार्यक्रम र बजेटको छलफलको क्रममा रक्षा मन्त्रालयसँग मैले राखेका, रक्षा मन्त्रालयसँग जवाफ मागेका केही प्रश्नहरूको विषयमा व्यापक रूपमा troll गरिएको त देख्या थिएँ, अहिले चैं सांसदहरूबाटै पनि, माननीय सांसदहरूबाट पनि त्यो विषयमा कुरा उठेको देखें । यो troll गर्दा पनि कसरी गरिएको छ भने केको लागि त्यो कुरा भनिएको हो? के intention हो

भन्ने कुरा सोध्दै नसोधिकन आफ्नो आफ्नो तरिकाले अर्थ्याइएको छ । र troll राम्रै भा' छ, सामाजिक सञ्जालमा । आज यहाँ मैले भन्न खोजेको कुरा चैं के हो भनेर प्रष्ट पार्ने जमर्को गर्दैछु । योबिचमा मलाई धेरै मिडियाहरूले सोध्नुभा'को थियो । तर मैले संसदमा मैले उठाएको प्रश्न हो, रक्षा मन्त्रालयले जवाफ दिइसकेको छ । रक्षा मन्त्रालयले जवाफ दिइसकेपछि वार्षिक नीति कार्यक्रम भनेको त्यो नीति कार्यक्रममा अथवा कार्यक्रम र बजेटमा मात्र छलफल हुन्छ सम्बन्धित । त्यही विषयमा छलफल भएर रक्षा मन्त्रालयले जवाफ दिइसकेको छ, कार्यान्वयनमा गइसकेको छ । अब मैले यदि प्रष्ट्याउनुपर्छ भने म संसदमै प्रष्ट्याउँछु भनेर बसेको थिएँ । र आज ठ्याक्क संयोग जुरेको छ । त्यसकारण म यो प्रष्ट पार्न खोजिराखेको छु ।

सम्माननीय अध्यक्षज्यू, अब यो troll हरू धेरै छन् । सामाजिक सञ्जालमा आएका नकारात्मक टीकाटिप्पणीहरू धेरै छन् । केही व्यक्तिहरूले फोन गरेर सवाल उठाउन राम्रै खोज्नुभा'को हो तर बोल्ने शैलीका कारणले त्यस्तो भा' हो भन्ने पनि छ । केहीले नकारात्मक रूपमै पनि कतिले त धम्की पनि दिनुभा' छ । अब त्यो सबै रेकर्डमै छन् । त्यसमा हामी पछि लेखाजोखा गर्ने नै छौं । तर धेरै मैले चाहिँ कस्तो पाए भने comment हरू चैं सकारात्मक रूपले के भन्न खोजिएको हो भनेर बुझ्नेभन्दा पनि धेरै चैं कुण्ठा, निराशा, आरोप खालको पाएँ, जुन चैं मलाई दुःख पनि लागेको छ । मैले यहाँ अब प्रष्ट रूपमा मैले उठाएका तीनटा विषय, त्यो तीनटा विषय कुन परिप्रेक्ष्यमा उठाएको थिएँ । त्यसको सम्बोधन फेरि रक्षा मन्त्रीले गरिसक्नुभा' छ । तर पनि कुन परिप्रेक्ष्यमा मैले यो कुराहरू उठाएको थिएँ भनेर प्रष्ट पार्न जरुरी छ जस्तो मलाई लाग्छ । किनभने इतिहास हो यो, इतिहास लेखिन्छ पनि । मैले रक्षा मन्त्रालयमा तीनटा सवाल उठाएको थिएँ । पहिलो कुराः रक्षा मन्त्रालयको विशेष गरिकन नेपाली सेनाको अहिलेको सङ्ख्याको पुनरावलोकन गर्नुपर्छ कि भन्ने कुरा हो ।

(१४:४१ बजे) **<u>पुनःपीठासीन</u>**:- सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना ।

**<u>माननीय डा. विमला राई पौडयाल (मनोनीत)</u>**:- किन भनेको थिएँ? म धेरै लामो इतिहास जान्दिनँ । मैले हेरेको पनि छैन । धेरै लामो इतिहास नेपाली सेनाको । मलाई थाहा छ नेपालको सेना, नेपाली सेना व्यवासयिक छ, दक्ष छ, देशमा विदेशमा राम्रो नाम कमाएको छ, सवल छ, मलाई थाहा छ । तर मैले थाहा पाएको इतिहास भनेको बृहत् शान्ति सम्झौतापछाडि, बृहत् शान्ति सम्झौताको समयमा मलाई के थाहा छ भनेदेखि माओवादी जनयुद्ध सुरु हुनुभन्दा

अगाडि नेपाली सेनाको सङ्ख्या ५०-५५ हजार थियो । माओवादी जनयुद्धको बेलामा सेना परिचालन गर्नुपर्ने हुँदा त्यो संख्या बढ्यो । बढ्दै गएर पछि बृहत् शान्ति सम्झौता हुँदाखेरि माओवादी सेनाकै जनसेनाहरूलाई समायोजन गर्नको लागि भनेर फेरि बढाइयो । र अहिलेको सङ्ख्या भनेको माओवादी जनयुद्धपश्चात् आएको दरबन्दीको सङ्ख्या हो । यो एउटा परिवेश परिवर्तन भा'को परिवेश के हो भन्दाखेरि अहिले द्वन्द्व छैन । हिजो हामीले द्वन्द्वका कारणले समायोजन गरेर अथवा द्वन्द्वलाई address गर्न भनेर बढाइएको सङ्ख्या जुन छ, त्यो सङ्ख्या अहिले पुनरावलोकन गर्नुपर्ला कि नपर्ला? अहिले जे जति काम गरिराखेको छ नेपाली सेनाले, त्यो काम गर्न त्यति सङ्ख्या चाहिन्छ भने त सिद्धिगो नि त । यसमा केही छलफल गर्नुपर्ने मैले अरू कुनै कारणै देख्या छैन । यसमा तीनटा कुराहरू हुन सक्थ्यो । एउटाः हिजो थपेको सङ्ख्या हामीलाई चाहिन्छ । जे काम गरिराखेको छ, त्यो सङ्ख्या हामीलाई चाहिन्छ । त्यो strength हामीलाई चाहिन्छ, ठिक छ । घटाउनुपर्छ, कसरी घटाउने हो? त्यो कुरा संसदमा छलफल हुन्थ्यो होला । बढाउनुपर्छ, यो कारणले बढाउनुपर्छ भनेर छलफल हुन्थ्यो होला । मैले देखेका यिनै तीनटा option थिए । म एकदम विशुद्ध प्राविधिक रूपमा भन्दै छु । हिजो थोरै थियो । समय कालले, युद्धको कारणले हामीले बढायौं । अहिले चाहिन्छ कि चाहिँदैन? किनभने अहिले द्वन्द्व छैन, एउटा परिवेश ।

अर्को परिवेश के थियो मैले भनिराको भन्दा पहिला केन्द्रीकृत शासन थियो, अहिले हामी सङ्घीयतामा गएका छौं । त्यसले नेपाली सेनाको सङ्ख्यालाई असर पार्छ कि पार्दैन? विशुद्ध प्राविधिक कुरा । यसमा अगि दुई जना माननीयज्यूहरूले पनि भन्नुभो', मलाई दुःख लाग्यो । मैले खर्च घटाउनको लागि सङ्ख्या घटाउनु भन्या होइन । म यहाँ प्रष्ट पार्न चाहन्छु । मलाई थाहा छ, खर्च घटाउने थुप्रै अरू उपायहरू छ । मैले त द्वन्द्वको समयमा त्यतिबेलाको कारण बढेको सङ्ख्या अहिले द्वन्द्व नभएको बेलामा चाहिन्छ कि चाहिँदैन? अरू थप कामहरू हामीले गरिराखेका छौं, चाहिन्छ । हामीलाई बोझ भइराखेको छ, चाहिँदैन । यति सजिले, यति सहज तरिका र यति प्राविधिक विषयलाई राजनीतिक लेप पनि लगाइएको छ, राष्ट्रियताको लेप पनि लगाइएको छ । कतिले त देश बेच्ने भइस् भनेर पनि हाल्या छ । तर नीति कार्यक्रममा छलफल हुने कुरा प्राविधिक कुराहरू हुन् । कुनै पनि मन्त्रालयको बजेट र कार्यक्रममा छलफल हुँदा मैले हेर्ने भनेको चैं त्यसको संरचना हो, त्यसका कार्यक्रम हुन् र त्यसको बजेट हो । अनि त्यसको संरचना, त्यसको कार्यक्रम र त्यसको बजेट हेरेर चैं जवाफ माग्ने हो, प्रश्न गर्ने हो, जवाफ माग्ने हो । जवाफ public सँग मागिँदैन । जवाफ माग्ने भनेको मन्त्रीसँग, सरकारसँग । र सरकारले जब जवाफ दिन्छ, यहाँ आएर, यो यो हो भनेर जवाफ दिइसकेपछि

त्यो पास हुन्छ, कार्यान्वयनमा जान्छ, गइसकेको छ । तर यो विषयलाई बारम्बार उछालेर troll बनाइँदैछ भनेदेखि त्यहाँ केही गडबड छ । मैले भन्न खोजेको त्यसो होइन । अहिले भइरहेका सेनाहरूको काम भएन, यिनीहरूलाई घटाउँ, यिनीहरूलाई फालौं, सेनाविनाको राज्य हुन्छ र? त्यति कुरा त सांसदले बुझ्छ नि हो । न सेनाविनाको राज्य हुन्छ, न strength विना सेना ..... । आवश्यक छ तर हिजो एउटा परिस्थितिमा बढाइएको सेना, फेरि हेरौं बृहत् शान्ति सम्झौताले पनि प्रष्ट रूपमा लेखेको छ । नेपाली सेनाको सङ्ख्या, लोकतान्त्रिक चरित्र, समावेशिताको विषयमा यसलाई सुदृढ बनाउँदै लैजाने, लेखिएको छ । पुनर्विचार गर्ने, लेखिएको छ । लेखिएको कुराभन्दा बाहिर पनि गएको होइन । र प्राविधिक विषयमा, संरचनामा त्यो comment हो मेरो ।

र म अहिले पनि प्रष्ट पार्न चाहन्छु । यहाँ अध्यक्षज्यूमार्फत म सबैलाई, माननीयज्यूहरूलगायत सबैलाई प्रष्ट पार्न चाहन्छु खर्च घटाउनको लागि बोझ भयो भनेर सेना घटाउँ भनेको होइन । सेनाको नम्बर पुनरावलोकन गरौं भनेको घटाउनैपर्छ भन्ने पनि होइन । हिजो द्वन्द्वको परिस्थितिमा र हिजो केन्द्रीकृत शासन व्यवस्था हुँदाखेरिको सङ्ख्या, द्वन्द्वको परिस्थितिमा बढाइएको सङ्ख्या, अहिले द्वन्द्व नभ'को बेलामा चाहिन्छ कि चाहिँदैन? कसरी प्रयोग गरिराख्या छौं? पुनरावलोकन गर्नुपर्दैन र? अनि मन्त्रालयले भन्यो हामीले पुनरावलोकन गर्नुपर्दैन । अहिलेको strength हामीले पुर्ण रूपमा उपयोग गरेका छौं, ठिक छ । पास भइसक्यो, कार्यक्रम । फेरि यो विषयलाई उचाल्ने भनेको चैं बहुत दुःखद छ । मलाई एकदमै धेरै दुःख लागेको छ ।

दोस्रो मैले उठाएको सवाल, दोस्रो उठाएको सवाल थियो सीमा सुरक्षामा हाम्रो सुरक्षा संयन्त्रको प्रभावकारिता । यसमा मेरो (सम्माननीयज्यू, मलाई अलिकति समय चाहिन्छ यसमा स्पष्ट गर्नको लागि ।) सेना, अब मैले यतिबेला जब मैले यो कुरा भनें मैले सम्झिराखेको छु । मधेसमा १० गजाको रक्षा गर्नको लागि रङ्गेहात कुनै पनि हतियारविना खटिरहेका युवाहरू, कञ्चनपुरमा छिमेकीबाट सुरक्षा बल नेपालभित्रै आएर नेपालीलाई मारेको, हाम्रा गौतमजी, गोविन्द प्रसाद गौतमजी, मैले सम्झिराखेको छु । उतातिरको सुरक्षा बलले तुइन काट्दिँदाखेरि यतापट्टि हाम्रो सुरक्षा अधिकारीहरू नहुँदाखेरि जयसिंह धामी डुबेर मरेका छन् । मैले तिनीहरूलाई सम्झिराखेको छु । त्यसकारण मेरो प्रश्न के थियो भने, हो मैले अलि satiric रूपमा हानें । मेरो भन्ने शैली गलत भयो । तर मैले भन्न खोजेको के हो भने हाम्रो प्रभावकारिता पुगेन, हाम्रो संयन्त्र पुगेन । र मैले त्यहाँ भनेको पनि छु परराष्ट्र, गृह र रक्षा, तीनटा मिलेर हाम्रो सीमा सुरक्षालाई बलियो बनाउन पर्छ । हामी अहिले पनि हामी अतिक्रमण भइसकेपछि मात्रै था'

पाउँछौं, हाम्रो जमिन गयो भनेर । हामीमा प्रभावकारिता पुगेको छैन । त्यो सुदृढ गरौं भन्ने एउटा कुरा हो ।

र अन्तिम कुरा मैले उठाएको थिएँ । यसमा धेरै सवाल जवाफ गर्नैपर्दैन । तालिम भ्रमणको नाममा विदेशी दाताहरूबाट आउने पैसामा विदेशी स्वार्थ लुकेको हुन्छ है । यसमा ख्याल गर्नुपर्छ भन्ने मेरो सवाल थियो । यसमा धेरै उदाहरण दिइराख्नुपर्दैन । State Partnership Program, जुन सैन्य क्षमता अभिवृद्धि गर्ने भनेर आएको, पछि political नेतृत्वले नै यो खराब छ, यो ठिक छैन भनेर फिर्ता गर्नुपर्यो । र त्यतिबेला निकै धेरै वादविवाद पनि भएको थियो । त्यो भएर साधारण यो कस्तो हो भनेदेखि सेना चाहिँदैन, सेना राख्न मानेन, विदेशीको agent, यो खालका कुराहरू गर्नुभन्दा प्रभावकारिता कसरी बढाउने? सुदृढ कसरी ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय माया प्रसाद शर्मा । समय १२ मिनेट ।

**(१४:४९ बजे) <u>माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम यही २०८० असार २७ गते दिवङ्गत हुनुभएकी सम्माननीय प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल कमरेड "प्रचण्ड"को जीवन संगिनी तथा आदरणीय सल्लाहकार कमरेड सिता दाहाल, नेकपा एसका पाल्पा जिल्ला Secretary प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै उहाँको परिवार आफन्तलगायत सबै सबैमा गहिरो समवेदना व्यक्त गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, वर्तमान सरकार सुशासनलाई संस्थागत गर्न, विकास निर्माणलाई गति दिन र जनसेवा प्रवाहमा जनताले अनुभूति गर्नसक्ने गरी सुधार ल्याउन खोजे जस्तो लाग्दछ । सामाजिक न्याय, सुशासन र समृद्धिलाई सर्वोपरि लक्ष्यका रूपमा लिंदै विभिन्न नीति, कानुन तथा कार्यक्रमहरू कार्यान्वयन ल्याउनुका साथै संस्थागत तथा प्रक्रियागत सुधारका कार्यलाई उच्च प्राथमिकताका साथ अघि बढाइएको देखिन्छ । सङ्घीय लोकतान्त्रिक शासन व्यवस्थाको सुदृढीकरण, अर्थतन्त्रको पुनःस्थापना र सबलीकरण, सार्वजनिक सेवा प्रवाहमा सुधार र सबलीकरण, नागरिकमैत्री प्रशासनको स्थापना, भ्रष्टाचार नियन्त्रण, राज्यको सबै तहमा सुशासनको प्रवर्द्धन गर्न र विकास गर्न, कार्यलाई गति दिन, शान्तिप्रक्रियालाई यथाशीघ्र तार्किक निष्कर्षमा पुऱ्याउनका साथै स्वतन्त्र र असमुन्नत राष्ट्रनीति अवलम्बन गर्दै राष्ट्रियहितको अधिकतम रक्षा गर्नु वर्तमान सरकारको कार्यभार हो भन्नेकुरा राम्रोसँग अनुभूत गरेको देखिन्छ । अहिलेको मुख्य समस्या भनेको भ्रष्टाचार हो । यो नेपाली जनता र देशको मुख्य दुस्मन भएर उभिएको

छ । त्यो माथिदेखि तलसम्म मौलाउँदै गएको छ । विकासे योजनाहरू खरिद बिक्रीमा हुन्छन् भन्ने सुनिन्छ ।

ललिता निवासको जग्गाका केसहरूमा मन्त्री, सचिव, पार्टीका नेताहरू मुछिएको बारे प्रचार भइरहेका छन् । यस्ता ललिता निवासहरू गाउँ गाउँमा देखिन्छन् । दिन दहाडै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट क्विन्टलका क्विन्टल सुन कब्जा भएका समाचारहरू आइरहेका छन् । यो देशको समग्र जिम्मा सांसदहरूको हातमा छ तर केही करोड हिस्सा माग्ने चलन देखापरेको छ । असारे विकासले पनि अनियमितालाई प्रश्रय दिइरहेको छ । अन्तिममा सबै भाग लगाउनुपर्ने, यदि त्यो अवसर नपाएमा काम भएको भए पनि कतिपय जनप्रतिनिधि, हाकिमहरू, प्राविधिकहरू मिलेर कामको रकम घटाइदिने र काम गरेर भएको रकममा अप्रत्यक्ष असुलीको बाटो रोजेको देखिन्छ । आफ्नो दलको बचाउको लागि होइन कि यसको अन्त्य बलियो कानुन बनाउने, आफू, आफन्त र आफ्नो दलको बचाउको लागि होइन कि जुनसुकै प्रभाव, प्रवृत्ति र पावरको भए पनि कानुनको दायरामा उभ्याउनेमा सङ्कल्प गरौं, अनि मात्र देश बन्न सक्दछ ।

सम्माननीय अध्यक्ष महोदय, शक्ति पृथकीकरणको सिद्धान्तअनुसार विधायिकाले कानुन निर्माण गर्ने, कार्यकारीले कानुन कार्यान्वयन गर्ने, न्यायपालिकाले कानुनको प्रचलन र व्याख्या गर्दछ । त्यसैले हामी संसदहरूको मुख्य काम भनेको ऐन, कानुन बनाउने हो । धेरै संसदीय निर्वाचनहरू भए, सङ्घीय गणतन्त्र स्थापनापछि पनि निर्वाचनहरू भए । हामी संसदमा पटक पटक बोलिरहेका छौं । तर हामीले संसद नभएको राजाको हुकुम आदेशबाट चल्ने गरेको शासन व्यवस्थामा गठन गरेको २०१३ साल श्रावण ४ गते जारी भएको विकास समिति ऐन, २०१३ को आधारमा काम गरिरहेका छौं । हामीले अहिले २ सयभन्दा बढी गठन आदेशहरू जारी भइरहेको पाउछौं र १६९ ओटा त्यो क्रियाशील नै भएको देखिन्छ । के यो तरिकाले अहिले पनि समय, के हो तरिका अहिले पनि समय सान्दर्भिक र समयसापेक्ष छ? अवश्य छैन । जसले कार्यपालिकालाई असीमित अधिकार दिएको छ र कानुन निर्माण गर्ने विधायिकाको लोकतान्त्रिक अधिकार कुठाराघात भएको छ । यो २०७२ सालको संविधानको बर्खिलाप पनि हो । जुन गठन आदेशहरू जारी भएका छन्, तिनीहरूमध्ये केही आदेशहरू ऐनको उद्देश्य अनुरूप पनि जारी भएका छैनन् । जस्तो ऐनको दफा १ को उपदफा (१) मा पनि रहेको नेपाल सरकारले उचित तथा आवश्यक ठहरिएमा सूचितका आदेशद्वारा सोही आदेशमा तोकिएबमोजिमको कुनै विकास आयोजना र विकास कार्यलाई कार्यान्वयन गर्नका लागि समिति गठन गर्न सक्छ भन्ने व्यवस्था अनुरूप नभई स्थायी प्रकृतिका विकास कार्यमा धार्मिक, देवस्थल

संरक्षण, प्राचीन दरबार संरक्षण, पर्यटन प्रवर्द्धन, पुस्तक छपाइ तथा वितरण, अस्पताल सञ्चालन तथा पुस्तकालय सञ्चालन गर्नेसमेत गठन आदेशबाटै गरिएको छ । ऐनको उद्देश्य त्यो होइन कि, अस्थायी प्रकृतिका निश्चित समयमा कार्य समाप्त हुने, योजना र विकास कार्यको प्रयोजनका लागि अस्थायी प्रकृतिकोमात्र यो गठन आदेशको प्रक्रिया हो ।

अर्कोतिर पुनः प्रत्यायोजित प्रावधानसहित गठन आदेश जारी भएको देखिन्छ । अध्यक्ष महोदय, विधिशास्त्रीयको मान्यताअनुसार प्रत्यायोजित विधायन, जुन प्रत्यायोजित हुन सक्दैन, प्रत्यायोजित विधायन व्यवस्थापन सम्बन्धमा अलगगै ऐनको व्यवस्था गर्नुपर्ने र एकै प्रकृतिका विकास समितिहरूलाई छाता ऐन बनाएर सञ्चालन गर्नुपर्ने देखिन्छ । विकासको लागि प्रशस्त भौतिक पूर्वाधार, स्रोत, साधन तथा आवश्यक बजेटको व्यवस्था भए पनि त्यो प्राप्त हुन सक्दैन । त्यसको अर्को महत्त्वपूर्ण औजारको रूपमा विकासमैत्री कानुन आवश्यक पर्दछ । विकास ऐन त्रिवर्षीय योजनाहरूलाई कार्यान्वयन गर्ने आधारशीलाको रूपमा निर्माण भएता पनि अहिले १० ओटा दफा मात्र भएकोमा ९ पटक संशोधन भएको रहेछ । यसमा संविधान, २०७५ को दफा ३ मा थपिनुबाहेक अन्य अन्तर कतै पनि देखिँदैन । संविधान सभाबाट संघीय संसद बनेको पनि आज ८ वर्ष भैसक्यो । तसर्थ नयाँ कानुन बनाउन हाम्रो ध्यान गैराखेको स्थिति देखिँदैन । किन कि कार्यकारी संस्थालाई बढी अधिकार प्राप्त भएकाले यो नयाँ कानुन बनाउन चासो देखिएको देखिँदैन ।

अध्यक्ष महोदय, पूर्वको ताप्लेजुङ हुँदै पश्चिम, सुदूरपश्चिमको झुलाघाटसम्मको मध्यपहाडी लोकमार्ग तथा पुष्पलाल लोकमार्गको कर्णाली खण्डको रुकुम पश्चिम चौरजहारी र जाजरकोटको भेरी नगरपालिका- १३ जोड्ने भेरीमा पुल बन्न थालेको करिब करिब १२ वर्ष हुन थाल्यो । १२ वर्षसम्म खोलो पनि फर्कन्छ भन्छन् । तर त्यो के कति कारण ले रोकिएको छ । बारम्बार कुरा उठाउँदा पनि सुनुवाइ भएको छैन । तत्काल आवश्यक प्रक्रिया अगाडि बढाउन सरकारसँग जोडदार माग गर्दछु । देशलाई सबल बनाउन शिक्षा, स्वास्थ्य, कृषिमा गुणात्मक रूपान्तरण जरुरी छ । आज विशेष गरेर ठुलो सङ्घर्षबाट प्राप्त अधिकारलाई प्रत्याभूत गर्नका लागि शिक्षाको महत्त्व र निर्णायक भूमिका रहन्छ । राष्ट्र निर्माणका लागि पहिलो पूर्वाधार शिक्षा हो पूर्वाधार हो । शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो । २०७२ सालमा निर्माण भएको संविधान कार्यान्वयनमा शिक्षालाई केन्द्रमा राखेर सरकारको नीति कार्यक्रम बजेट ल्याउनुपर्ने हो, त्यो हुन सकेको छैन । शिक्षाको विकास गरेर मात्र दक्ष डाक्टर, इन्जिनियर, शिक्षक, प्राध्यापक, वकिल, न्यायाधीश आदि इत्यादि बनेर मात्र अन्य क्षेत्रको भूमिका पूरा हुन्छ । सारमा शिक्षालाई बिरुवाको जरा र काण्ड भन्न सकिन्छ भने अरूलाई हाँगाबिँगा र पात भन्न

सकिन्छ । बिरुवा ढल्न सक्छ । ढल्नबाट बचाउन शिक्षामा वैज्ञानिक नीति, विधि, योजना र कार्यक्रम ल्याउन आवश्यक छ । असल शिक्षाबाट नै उत्पादन वृद्धि र रोजगारीको समस्या हल गर्न सकिन्छ । शिक्षा नीतिमा दुई खाले प्रकारको छ । गरिबका छोराछोरीहरूले पढ्ने सामुदायिक र धनीका छोराछोरीहरूले पढ्ने निज विद्यालयहरू रहने गरेका छन् । यो असमानता तोड्न नसके । देश, समाज र व्यक्तिको उन्नति हुन सक्दैन । तत्काल द्वन्द्व पीडित शिक्षकहरू, राहत तथा निज शिक्षकहरू, साना कर्मचारी र बाल विकासका कर्मचारी र सहयोगीहरूको व्यवस्था गर्नुपर्ने पनि देखिन्छ । अब छिट्टै नयाँ ऐन ल्याएर सदनबाट पारित गरी कार्यान्वयनमा ल्याउनु अहिलेको आवश्यकता बन्न गएको छ ।

सम्माननीय अध्यक्ष महोदय, कर्णाली प्रदेश रोग, भोक र अभावको पर्यायवाचीको रूपमा चिनिन्छ । तर प्रचुर सम्भावनायुक्त प्रदेश पनि भन्न सकिन्छ । कर्णालीका जङ्गलमा हरियो डलरहरू कुहिरहेका छन् । कर्णाली, भेरी, राप्ती, तिलाजस्ता नदीमा पानीसँग डलर बगिरहेको छ । रारा, फोक्सुन्डो कुपिण्डे, शेर्पुजस्ता प्रकृतिका अतुलनीय उपहारहरूको बिचमा डलर थिग्रिएको छ । अतः ..... यार्सागुम्बा त्यसै खेर गैरहेको स्थिति छ । तर यसैका छेउमा जीवन जिउन विवश जनतालाई गरिबीको भीमकाय पहाडले थिचिरहेको स्थिति छ । राज्यले यसमा यथाशीघ्र ध्यान पुऱ्याउन आवश्यक छ । जब राज्य जवाफदेही हुन सक्दैन । राज्यले त्यसप्रति ध्यान दिन सक्दैन । राज्यमा भएका समस्याहरू प्रचुर मात्रामा खेर गैराखेका समस्याहरू समाधान हुने समस्याहरू अगाडि बढ्ने गर्छन् । त्यहाँ एउटा महत्त्वपूर्ण साधनको रूपमा कर्णाली प्रदेशका पाखाहरूमा, भिरहरूमा भाङ खेती गर्ने गरिएको छ । वैध अवैध जुनसुकै तरिकाले भए पनि हुने गरेको देखिन्छ । त्यसबाट आय हुने प्रशस्त आधारहरू छन् । नेपाल सरकारले त्यसलाई वैधानिक कानुन बनाई वैधानिकता दिएर ती हाम्रो देशमा उत्पादन भएका साधनस्रोतहरूलाई उचित प्रयोग गर्नमा विशेष जोड गर्ने छ भन्ने कुरा राख्दै म मेरा भनाइ अन्त्य गर्छु । धन्यवाद ।

**(१५:०० बजे)** <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट विधेयक प्रमाणीकरणसम्बन्धी पत्र प्राप्त हुन आएको छ । अब म उक्त पत्रको बेहोरा जानकारी गराउँछु ।

विषयः- विधेयक प्रमाणीकरण गरी पठाइएको ।

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएका देहायबमोजिमका विधेयकहरूका प्रमाणीकृतप्रति थान एक/एक यसैसाथ संलग्न राखी पठाइएको बेहोरा अनुरोध गर्दछु ।

| क्र.सं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|
| १. | विनियोजन विधेयक, २०८० | २०८०/०३/३१ |
| २. | आर्थिक विधेयक, २०८० | २०८०/०३/३१ |
| ३. | राष्ट्र ऋण उठाउने विधेयक, २०८० | २०८०/०३/३१ |

(डिल्लीराम शर्मा)
सचिव
२०८०/०३/३१

माननीय सदस्यहरू, राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिमा माननीय सदस्य भैरव सुन्दर श्रेष्ठको सट्टा माननीय विमला घिमिरे सदस्य रहने गरी हेरफेर गरेको छु ।

माननीय सदस्यहरू, सदस्य हेरफेरसम्बन्धी प्रस्तावित नामलाई सभाले सहमति जनाइदिनुहुन अनुरोध गर्दछु ।

(माननीय सदस्यहरूले टेबुल ठोकेर सहमति जनाउनुभएको) ।

माननीय सदस्यहरू, प्रस्तावित नामलाई सभाको सहमति जनाएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजाललाई "विद्युतीय व्यापार विधेयक, २०८० लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

(१५:०२ बजे) **<u>माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री रमेश रिजाल</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "विद्युतीय व्यापार विधेयक, २०८०

लाई दफावार छलफलको लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव यस सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

**(१५:०२ बजे) <u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्यहरू, अब म "विद्युतीय व्यापार विधेयक, २०८० लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ, "विद्युतीय व्यापार विधेयक, २०८० लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल साउन ११ गते बिहीवार बिहान ११ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल साउन ११ गते बिहीवार बिहान ११ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १५:०३ बजे ।**